# स्थानीय राजपत्र

सिलीचोङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० संख्याः १६ मितिः २०८३ साल असार २२ गते

## भाग-एक

## सिलीचोङ गाउँपालिका, ताम्कु, संखुवासभाको सूचना

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम सिलीचोङ गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## सिलीचोङ गाउँपालिका

## स्थानीय (कर तथा गैर कर) राजश्व ऐन, २०८३

**सम्बत २०८३ सालको ऐन नम्बरः १६**

**कर तथा गैर कर राजश्व संकलन र व्यवस्थापन गर्ने सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन**

**प्रस्तावना** : स्थानीय राजश्व व्यवस्थापनका लागि कर तथा गैर कर राजश्वको प्रकार, दर, दायरा, संकलन, निरीक्षण, लेखा व्यवस्था, सूचना प्रणाली र राजश्व साझेदारीको आधार स्पष्ट गरी कर तथा गैर



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

कर राजश्वका क्षेत्रलाई विश्वासिलो, भरपर्दो, स्पष्ट, पारदर्शी, व्यवस्थित, एकीकृत, प्रभावकारी र उत्तरदायी बनाउँदै गाउँपालिकाको समग्र विकासका लागि राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी सिलीचोङ गाउँपालिका गाउँसभाको १९ औं अधिवेसनबाट गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम "स्थानीय (कर तथा गैर कर) राजश्व ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन गाउँपालिकाभर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन सिलीचोङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(क) **“अध्यक्ष”** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) **“आर्थिक ऐन”** भन्नाले गाउँपालिकाले वार्षिक रुपमा सालबसाली स्वीकृत गर्ने आर्थिक ऐनलाई सम्झनु पर्दछ ।

(ग) **“उपाध्यक्ष”** भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) **"कम्पनी”** वा **“फर्म” वा “व्यवसाय”** भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्दछ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

(ङ) **"कर"** भन्नाले यस ऐन बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्दछ ।

(च) **"करदाता"** भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको गाउँपालिका क्षेत्रभित्र जग्गा तथा संरचनाको स्वामित्व भएका वा नभएका व्यक्ति, उद्योगी, व्यापारी, व्यवसायी लगायतका निजी क्षेत्र, सामाजिक संघ सस्था, विकास साझेदार लगायत कर तथा गैर कर राजश्वको दायरा भित्र पर्ने संगठित



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

तथा असंगठित संस्था, कम्पनी, फर्म, व्यवसाय, व्यक्ति वा सरोकारवालालाई सम्झनु पर्दछ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा कर सम्बन्धमा अरू कुनै कारबाही प्रक्रिया शुरु गरेको व्यक्ति समेतलाई जनाउँछ ।

(छ) **“कर अधिकृत”** भन्नाले गाउँपालिकाले नियुक्त गरेको कर अधिकृतलाई सम्झनु पर्दछ र सो शब्दले राजस्व शाखा प्रमुख वा कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने गरी गाउँपालिकाले तोकेको कर्मचारी वा वडा तहमा कर संकलनको लागि तोकिएको कर्मचारी समेतलाई जनाउँछ ।

(ज) **"कर निर्धारण"** भन्नाले करदाताले तिर्नु पर्ने कर रकमको निर्धारण सम्झनु पर्दछ र सो शब्दले पुनः कर निर्धारण तथा अतिरिक्त कर निर्धारण समेतलाई जनाउँछ ।

(झ) **“कर शाखा”** भन्नाले गाउँपालिकामा कर सम्बन्धी काम, कारबाही गर्ने गरी गाउँपालिकाले तोकेको विभाग वा शाखालाई सम्झनु पर्दछ ।

(ञ) **“कार्यालय”** भन्नाले गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । र सो शब्दले वडा कार्यालय समेतलाई जनाउँछ ।

(ट) **“कोष”** भन्नाले सिलीचोङ गाउँपालिकाको सञ्चित कोष लाई सम्झनु पर्दछ ।

(ठ) **"गैरकर राजश्व"** भन्नाले यस ऐन लाग्ने वा लागेको कर बाहेकको शुल्क वा दस्तुर वा अन्य राजश्व सम्झनु पर्दछ ।

(ड) **“टोल विकास संस्था”** भन्नाले समाज परिचालन प्रक्रिया मार्फत तोकिएको भौगोलिक क्षेत्रको टोल तथा समुदायको आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि एक परिवार एक सदस्यको अवधारणामा आधारित भई गठन र सञ्चालन भएको तथा गाउँपालिकामा

सूचीकृत भएको स्थानीय स्तरको संघ, संस्था र समूहलाई सम्झनु पर्दछ ।

(ढ) **“ठेक्का”** भन्नाले यस कार्यविधिको अधिनमा रहि कुनै पनि कार्य गर्न वा गाउँपालिकालाई आवश्यक सेवा प्राप्त गर्न कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आवश्यक प्रक्रिया पूरा गरी दिएको ठेक्का सम्झनु पर्दछ र सो शब्दले दरभाउपत्र वा बोलपत्रबाट दिएको कार्य समेतलाई जनाउँछ ।

(ण) **“तोकिए”** वा **“तोकिए बमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ, र सो शब्दले कार्यपालिकाले तोकेको समेतलाई जनाउने छ ।

(त) **“गाउँ सभा”** भन्नाले सिलीचोङ गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(थ) **“निवेदक”** भन्नाले कर तथा राजश्व सङ्कलन, भुक्तानी लगायतका योजनामा सहभागी हुन तोकिएको ढाँचामा निवेदन दिने व्यक्ति,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

परिवार, समूह वा संस्थालाई सम्झनु पर्दछ,।

(द) **“निजी क्षेत्र”** भन्नाले प्रचलित ऐन कानून बमोजिम स्वीकृति प्राप्त निजी क्षेत्रका कम्पनी, फर्म, संस्था, व्यवसायिक व्यक्ति वा संगठित समूहलाई सम्झनु पर्दछ ।

(ध) **"परिवार"** भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्दछ ।

(न) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ, र सो शब्दले प्रमुख प्रशासकीय अधिकृत भई कार्य गर्न तोकिएको कर्मचारी समेतलाई जनाउँछ ।

(प) **“फर्म”** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनु पर्दछ ।

(फ) **“बहाल बिटौरी कर”** भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गा तथा संरचना उपभोग गरे बापत लिइने करलाइ सम्झनु पर्दछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ब) **"विकास साझेदार"** भन्नाले नेपाल सरकार (संघीय तथा प्रदेश सरकार) वा गाउँपालिका संग सम्झौता गरी वा नगरी नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने दुईपक्षीय एवं बहुपक्षीय दातृ निकाय वा संघसंस्थाहरूलाई सम्झनु पर्दछ साथै गाउँपालिकामा लागत सहभागिता गर्ने उपभोक्ताहरूलाई समेत मान्न सकिनेछ ।

(भ) **"विशेष परिस्थिति"** भन्नाले मानवीय काबुबाहिरका बाढी, पहिरो, आगजनी, भूकम्प जस्ता प्राकृतिक विपत्ति सम्झनु पर्दछ ।

(म) **"बिजक"** भन्नाले करदातालाई जानकारी दिने उद्देश्यले गाउँपालिकाले तयार गरेको सम्पत्ति वा व्यवसायको मूल्यांकन र सोमा लाग्ने कर सम्बन्धी बिजकलाई सम्झनु पर्दछ ।

(य) **"बोलपत्र सम्बन्धी कागजात (टेण्डर डकुमेन्ट)"** भन्नाले कुनै ठेक्कासंग सम्बन्धित सामान्य वा विशेष शर्त, स्पेसिफिकेशन,

डिजाइन, परिमाण सम्बन्धी सूची, निर्माण सम्बन्धी कार्यको हकमा नक्सा र बिल अफ क्वान्टिटी सम्झनु पर्दछ र सो शब्दले आर्थिक वा प्राविधिक प्रस्तावसंग सम्बन्धित सम्पूर्ण कागजात समेतलाई जनाउँछ ।

(र) **"व्यक्ति"** भन्नाले कर तिर्नुपर्ने दायित्व बोकेको व्यक्ति सम्झनु पर्दछ ।

(ल) **“गाउँपालिका”** भन्नाले सिलीचोङ गाउँपालिका सम्झनु पर्दछ । र यो शब्दले गाउँ कार्यपालिकालाई समेत जनाउनेछ ।

(व) **“मूल्याङ्कन उपसमिति”** भन्नाले सम्पत्ति कर/भूमिकर व्यवस्थापन समेतका विभिन्न कर प्रयोजनका लागि जग्गा तथा संरचनाको मूल्यांकन गर्न गाउँपालिकाद्वारा यस कार्यविधिको दफा २८को उपदफा (३) बमोजिम गठित उपसमितिलाई सम्झनु पर्दछ ।

(श) **“योजना”** भन्नाले यसै कार्यविधि बमोजिम तयार भएको कर तथा राजश्व सङ्कलन तथा व्यस्थापन योजनालाई सम्झनु पर्दछ ।

(ष) **"लक्षित वर्ग वा समुदाय"** भन्नाले नेपालको संविधान तथा प्रचलित ऐन कानून बमोजिम परिभाषित गरिएका वर्ग तथा समुदायलाई सम्झनु पर्दछ ।

(स) **"वडा अध्यक्ष"** भन्नाले सिलीचोङ गाउँपालिकाका निर्वाचित वडा अध्यक्षहरूलाई सम्झनु पर्दछ ।

(ह) **"वडा सदस्य"** भन्नाले सिलीचोङ गाउँपालिकाका वडाहरूका निर्वाचित वडा सदस्यहरूलाई सम्झनु पर्दछ ।

(क्ष) **"वडा सचिव"** भन्नाले गाउँपालिकाका सम्बन्धित वडाका वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिवलाई सम्झनु पर्दछ ।

(त्र) **"वडा समिति"** भन्नाले गाउँपालिकाका सम्बन्धित वडाका वडा समितिलाई सम्झनु पर्दछ ।

(ज्ञ) **"सदस्य"** भन्नाले सिलीचोङ गाउँपालिका गाउँकार्यपालिकाका सदस्यलाई सम्झनु पर्दछ साथै यसले गाउँपालिकाका अध्यक्ष,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

उपाध्यक्ष र वडाअध्यक्ष समेतलाई जनाउनेछ ।

(कक) **"समिति"** भन्नाले यसै ऐन बमोजिम गठित "कर तथा राजश्व परामर्श तथा व्यस्थापन समितिलाई सम्झनु पर्दछ ।

(कख) **"सम्झौता"** भन्नाले यस कार्यविधिको अधीनमा रही कर तथा राजश्व संकलन लगायतका कुनै पनि काम गर्न वा सेवा उपलब्ध गराउने वा दिने सम्बन्धमा ठेक्का, बोलपत्र वा दरभाउपत्रको माध्यमबाट वा प्रचलित कानून बमोजिम गरिने गाउँपालिका र सेवा ग्राही वा प्रदायक बीच हुने करार सम्झनु पर्दछ ।

(कग) **"सम्पत्ति धनी"** भन्नाले गाउँपालिका क्षेत्रभित्र आफ्ना नाममा जग्गा तथा संरचना भएका व्यक्ति, सरकारी तथा अर्ध सरकारी निकाय वा संघसंस्थालाई सम्झनु पर्दछ । र सो शब्दले कसैको जग्गा जमिन निश्चित उद्देश्यका लागि सम्बन्धित जग्गाधनी को लिखित सहमतिमा निश्चित समयकालागि प्रयोग गर्ने गरी निर्माण गरिएका संरचना समेतलाई जनाउनेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(कघ) **"संरचना"** भन्नाले व्यक्तिगत तथा सार्वजनिक प्रयोजनकालागि गाउँपालिका क्षेत्र भित्र निर्माण भएका तथा हुने भवन, सडक, कलभर्ट, नाला, बाँध, पैनी, कुलो, पुल पुलेसा, ताल तलैया, सिमसार, पोखरी, सार्वजनिक शौचालय तथा ऐतिहासिक पुरातात्विक महत्वका संरचना, पर्यटकीय क्षेत्र, मठ मन्दिर वा धार्मिक स्थल आदि समेतलाई सम्झनु पर्दछ ।

(कङ) **सरोकारवाला"** भन्नाले गाउँ कार्यपालिकाको निर्णयले प्रत्यक्ष रूपमा प्रभाव पार्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

(कच) **"स्थलगत सर्वेक्षण"** भन्नाले गाउँपालिकाद्वारा गठित कर्मचारीको टोली वा गाउँपालिकाबाट खटाएको कुनै कर्मचारीले स्थलगत रूपमा छलफलसमेत गरी सूचना संकलन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(कछ) **"स्वयम् विवरण दाखिला"** भन्नाले करदाता आफैंले आफ्नो सम्पत्ति, उद्योग, व्यापार तथा व्यवसायको यथार्थ विवरण खोली निर्धारित ढाँचामा गाउँपालिकामा बुझाउने कार्यलाई सम्झनु पर्दछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

# परिच्छेद - २

## कर तथा राजश्व सम्बन्धी सामान्य सिद्धान्त

३. **कानून बमोजिम बाहेक कर नलगाईने** : (१) गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका कुनै पनि विषयमा कानून बमोजिम बाहेक कर, गैर कर, शुल्क, दस्तुर तथा अन्य कुनै पनि सेवा शुल्क लगाउने र उठाउने छैन ।

(२) कर तथा राजश्वको दर लागू गर्दा आर्थिक वर्षको शुरु महिनाको शुरु दिन बाहेक अघि वा पछि हुने गरी लागाइने छैन ।

४. **कर तथा गैरकर राजश्व सम्बन्धी सामान्य सिद्धान्त**: (१) गाउँपालिकाको क्षेत्राधिकारको विषयमा कर लाउँदा देहायका सिद्धान्तलाई आधार मानि कर लगाइनेछः-

(क) करदाताको कर तिर्न सक्ने क्षमता,
(ख) समानता र न्यायमा आधारित कर प्रणाली,
(ग) सरल, पारदर्शी र मितव्ययी,
(घ) नागरिकको सुविधा,
(ङ) स्वेच्छिक कर भुक्तानी ।

५. **कर तथा गैर कर राजश्वका क्षेत्र**: संविधान तथा प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकुल नहुने गरी गाउँपालिकाले आफ्नो क्षेत्राधिकारभित्र पर्ने देहाय बमोजिमका क्षेत्रमा कर तथा गैर कर लाउने र राजश्व संकलन गर्नेछ :-

(क) सम्पत्ति कर, भुमिकर, घर बहाल कर, बहाल बिटौरी कर, सवारी साधन कर, विज्ञापन कर, व्यवसाय कर, मनोरञ्जन कर, जडीबुटी, कवाडी र जीवजन्तु कर,

(ख) सेवाशुल्क, घरजग्गा रजिष्ट्रेशन शुल्क, पर्यटन शुल्क,

(ग) घर नक्सा पास दस्तुर, तथा अन्य दस्तुर,

(घ) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क,

(ङ) ट्रेकिङ, कायाकिङ्ग, प्याराग्लाईडिङ्ग, क्यानोनिङ्ग, बन्जि जम्प, जिपफ्लायर, र्याफ्टिङ, सडक सेवा लगायत अन्य जल तथा स्थलमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(च) ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, गैर काष्ठ, वन पैदावार, जराजुरी, स्लेट, खरीढुङ्गा जस्ता प्राकृतिक एवं खनिजजन्य वस्तुको बिक्री तथा निकासी कर, शुल्क तथा दस्तुर,

(छ) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर,

(ज) गाउँपालिकाको स्वामित्वमा रहेका पोखरी, चरन तथा सार्वजनिक क्षेत्रमा गाउँपालिका

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

स्वयंले पालेका माछा, हाँस, पशुपंक्षि, अन्न तथा नगदे बाली लगायतका गाउँपालिकाको स्वामित्वमा पर्ने सबै खाले व्यवसायबाट उत्पादित तथा संरक्षित चिज बस्तुको बिक्रि वितरण शुल्क तथा दस्तुर,

(झ) खाद्य सुरक्षा तथा विपद् व्यस्थापनका लागि गाउँपालिकाले भण्डारण गरेका खाद्यान्न लगायतका चिज बस्तु साथै गाउँपालिकाको स्वामित्व वा दायित्वमा रहेका सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको बिक्रि वितरण शुल्क तथा दस्तुर,

(ञ) प्रचलित कानून बमोजिम गाउँपालिकाले लाउन र उठाउन पाउने अन्य सबै प्रकारका कर तथा गैर कर राजश्व शुल्क तथा दस्तुर ।

६. **<u>कर नलाग्ने</u>**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको सम्पत्तिमा सम्पत्ति कर र भूमिकर लाग्ने छैन;-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको भवन र जग्गा,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ग) गुठीको स्वामित्वमा रहेको जग्गा,

(घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा,

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा,

(च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(छ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा,

(ज) नेपाल सरकार, प्रदेश सरकार र कार्यपालिकाले कर नलाग्ने भनि तोकी दिएका अन्य क्षेत्र ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लागेको जग्गामा भुमिकर लाग्ने छैन ।

(३) वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाका लागी नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालय, सरकारी अस्पताल, सरकारी स्वामित्वका प्रतिष्ठान वा विकास समितिद्वारा विदेशबाट पैठारी भएका

माल सामानमा कुनै पनि किसिमको कर, शुल्क वा दस्तुर लगाइने छैन ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सम्पत्तिमा प्रचलित कानून बमोजिम सम्पत्ति कर लाग्ने कुनै व्यक्ति, निजी क्षेत्र, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा वा भाडा वा लिजमा लिई उपयोग गरेकोमा यस्तो संरचनामा सम्पत्ति कर लाग्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम सम्पत्ति कर नलाग्ने जग्गामा कुनै व्यवसाय सञ्चालन गरेमा वा त्यस्तो जग्गा बहालमा दिएमा त्यस्तो व्यवसाय वा बहालमा यसै ऐन बमोजिम कर लाग्नेछ ।

७. **राजश्व सम्बन्धी नयाँ प्रस्ताव**ः गाउँपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवाला सँग परामर्श गर्नुपर्नेछ ।

८. **सूचना सार्वजनिक गर्ने**ः (१) यस ऐन बमोजिम गाउँपालिकाले लगाएको कर र गैर कर राजश्व उठाउन कार्यालयले कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सार्वजनिक गर्नुपर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(२) कार्यालयले उपदफा (१) बमोजिम सार्वजनिक गरेको कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाईएको प्रति गाउँपालिकाको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) गाउँपालिकाले कर र राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

९. **<u>कागजातको गोप्यता</u>** : (१) सम्पत्ति कर लगायत कर तथा राजश्वको प्रयोजनका लागि करदाताबाट प्राप्त विवरण, कागजात तथा अभिलेख गोप्य राखिनेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण, कागजात तथा अभिलेख गाउँपालिकाको प्रयोजन बाहेक अन्य कार्यमा प्रमाण लाग्ने छैन ।

तर कुनै सरकारी निकाय वा अदालत बाट सो सम्बन्धी जानकारी माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

१०. **<u>करदाताको दायित्व</u>** : (१) करदाताको दायित्व देहाय बमोजिम हुनेछ;-

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउनु,

(ख) निर्धारित समयमा विवरण पेश गर्नु,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज भए समयमा बुझाउनु,

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्नु,

(च) कर अधिकृतले मागेको सूचना समयमा उपलब्ध गराउनु,

(छ) कर अधिकृतलाई आवश्यक सहयोग गर्नु ।

(२) गाउँपालिकाक्षेत्र भित्रको घर तथा जग्गाको विवरण तोकिएको ढाँचा अनुसार कार्यालयमा वा कार्यालयबाट खटिएका स्थलगत सर्वेक्षण टोलिलाई उपलब्ध गराउनु सम्बन्धित घर जग्गा धनिको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम खटिएका टोलि विवरण संकलन गर्न जाने क्रममा भौतिक संरचनाको नाप जाँच गर्दा आवश्यक सहयोग गर्ने कर्तव्य सम्बन्धित घर जग्गाका धनिको हुनेछ ।

(४) उपदफा (२) बमोजिम टोलि खटिई गएको अवास्थामा जग्गा वा घरधनी नभेटिएको खण्डमा निजको परिवारको सदस्य, उक्त घर जग्गामा बस्ने भाडावाला वा जिम्मा लिने व्यक्तिले खटिएका टोलिलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम खटिएका टोलिलाई आवश्यक सहयोग नदिने विवरण संकलनमा अवरोध गर्नेलाई गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाबाट बञ्चित गर्न सकिनेछ ।

११. **करदाताको अधिकार** : (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ख) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(ग) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,

(घ) सम्मान पूर्वक कर तिर्न पाउने अधिकार,

(ङ) कर सम्बन्धी कुराहरूमा आधारभूत सूचना र जानकारी पाउने,

(च) कर निर्धारण उपर पुनरावेदन गर्न पाउने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दाबी गर्न आफ्नो दायित्व पूरा गरेको हुनु पर्नेछ ।

## परिच्छेद - ३



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

## कर राजश्व सम्बन्धी व्यवस्था

१२. **सम्पत्ति कर लगाउने** : (१) गाउँपालिका क्षेत्रभित्रका घर र जग्गामा त्यस्तो घर र जग्गाको मूल्याङ्कनको आधारमा गाउँपालिकाले सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाँउदा घरले चर्चेको जग्गाको दोब्बर क्षेत्रफल सम्पत्ति कर प्रयोजनको लागि मूल्याङ्कन गरी उक्त मूल्यमा सम्पत्ति कर लाइनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागी घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफललाई जनाउनेछ ।

(३) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाएको घर र जग्गामा (मालपोत) भूमिकर लाग्ने छैन ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्ति कर लाग्ने घर जग्गाको अभिलेख नियमित रूपमा अद्यावधिक गरी दुरुस्त मिलाई राख्नु पर्नेछ ।

१३. **घर जग्गाको स्वामित्व र क्षेत्रफल** : (१) जग्गाको स्वामित्व जग्गा धनी प्रमाण पुर्जा अनुसार कायम गरिनेछ ।

२) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व आर्थिक वर्षको पहिलो दिन जसको नाममा सम्पत्ति



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

रहेको छ सो सम्पत्ति सोही व्यक्तिको स्वामित्वमा रहेको मानिनेछ ।

(३) सुकुम्वासी समस्या समाधान आयोगले जग्गा धनी पूर्जा दिएको तर मालपोतमा श्रेस्ता कायम नभएको जग्गाको हकमा सम्पत्ति कर प्रयोजनको लागि सम्पत्तिमा गणना गरिने छैन ।

तर यस्तो प्रकारको घर जग्गाको हकमा गाउँपालिकाले वार्षिक सेवा शुल्क लगाउन सक्नेछ ।

(४) जग्गा धनी प्रमाण पुर्जामा कायम रहेको क्षेत्रफललाई जग्गाको क्षेत्रफल कायम गरिनेछ ।

(५) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरूको संयुक्त स्वामित्वमा रहेकोमा संयुक्त रुपमा एक व्यक्तिको स्वामित्व सरह मानी त्यसै बमोजिम स्वामित्व कायम गरिनेछ ।

(६) उपदफा (५) बमोजिम स्वामित्व भएको सोही व्यक्तिको अन्य सम्पत्तिमा उपदफा (५) बमोजिमको सम्पत्ति जोडिने छैन बेग्ला बेग्लै करदाता कायम गरी सोही बमोजिम हिसाब गरिनेछ ।

(७) घर जग्गाको स्वामित्व र क्षेत्रफल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

१४. **सम्पत्ति अद्यावधिक गरिने** : (१) गाउँपालिका क्षेत्रभित्र रहेका घर तथा जग्गाको लगत नियमित रुपमा अद्यावधिक गर्न देहाय बमोजिमका प्रकृयाहरु अपनाउनु पर्नेछ ।

(क) गाउँपालिका क्षेत्रभित्र सडकको आधारमा घर नम्बर दिने कार्यलाई गाउँपालिकाको योजना तथा प्राविधिक शाखा (घर नक्सा शाखा) ले नियमित रुपमा अद्यावधिक गरि घर नम्बर वितरण गर्नेछ,

(ख) खण्ड (क) बमोजिमको कार्य गर्दा जग्गाको विवरण गाउँपालिकाले निर्धारण गरेको फारम अनुसार अद्यावधिक गरी कर शाखामा उपलब्ध गराउनु पर्नेछ,

राजश्व शाखाले कर असुली गर्दा घर तथा जग्गा सम्बन्धी विवरण नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ,

(ग) राजश्व शाखाले मालपोत कार्य भूमि प्रशासन हेर्ने निकायसँग समन्वय गरी जग्गाको विवरण नियमित रुपमा अद्यावधिक गरी राख्नु पर्नेछ,

(घ) राजश्व शाखाले आवश्यक परेमा स्थलगत सर्वेक्षण गराई घर तथा जग्गाको

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

एकीकृत लगत वार्षिक रुपमा अद्यावधिक गर्न सक्नेछ,

(ङ) राजश्व शाखाले सम्पत्तिको विवरण वैज्ञानिक तरिकाले व्यवस्थित गर्न कर नक्सा, कित्ता नापी नक्सा, घर नक्सा, कर क्षेत्र नक्सा, सडक प्रकार नक्सा तथा सम्पत्ति धनी (घर जग्गा) को विवरणलाई विभिन्न किसिमको कम्प्यूटर सफ्टवेयरको प्रयोग गरी प्रभावकारी रुपमा सम्पत्ति विवरणको लगत तयार गर्न सक्नेछ ।

१५. <u>**सम्पत्ति कर सम्बन्धी अन्य व्यवस्थाहरु**</u> : (१) सम्पत्ति कर प्रयोजनको लागि गाउँपालिकाले आवश्यकता अनुसार विभिन्न फारमहरु विकास गरी लागू गर्न सक्नेछ ।

(२) यस ऐन वा प्रचलित कानून बमोजिम सम्पत्ति कर नलाग्ने भनि कर छुट भएका सम्पत्तिमा सम्पत्तिको मूल्यांकन गरी कर नलाग्ने निस्सा दिइनेछ ।

(३) सम्पत्ति कर लागू हुनु पूर्व उक्त सम्पत्तिमा लागेको मालपोत वा भूमिकर र घरजग्गा कर बुझाउने दायित्व करदाताहरुको हुनेछ ।

(४) उपदफा (३) बमोजिमको बक्यौता चुक्ता नभएसम्म गाउँपालिकाबाट सम्पत्ति कर बुझिलिईने छैन ।

(५) सम्पत्ति करको लगत विवरण सामान्यतया प्रमुख प्रशासकीय अधिकृतको नियन्त्रण र निर्देशनमा राजश्व शाखा प्रमुखको जिम्मामा रहनेछन् ।

(६) कर लगत नियमित रुपमा अद्यावधिक गर्ने गराउने काम राजश्व शाखा प्रमुखको हुनेछ ।

(७) कुनै करदाताले बजार मूल्य अनुसार नै घर जग्गाको मूल्यांकन गर्नु पर्ने भई प्रचलित बजार भाउ अनुसारको मूल्यांकन गरी दिन निवेदन गरेमा यसरी मूल्यांकन गर्दा सम्पत्ति कर प्रयोजनका लागि तोकिएको मूल्यांकन भन्दा बढी मूल्यांकन हुने भएमा त्यसरी कायम हुन आएको मूल्यांकनमा लाग्ने सम्पत्ति करको रकममा नियमित तिर्दै आएको कर घटाई बाँकी हुन आउने कर रकमको आधा रकम थप सेवा शुल्क बापत मूल्यांकन गर्दाका बखतमा नै लिई अचल सम्पत्ति मूल्यांकन गरिदिन सकिनेछ ।

(८) उपदफा (७) बमोजिम हुने गरी मूल्यांकन गर्दा गाउँपालिकाले तोकेको अचल सम्पत्ति मूल्यांकन दस्तुर समेत लिइने छ ।

१६. **<u>भूमिकर (मालपोत)</u>** : । (१) गाउँपालिका क्षेत्रभित्रका दफा १२ बमोजिम सम्पत्ति कर लाग्ने बाहेकका जग्गामा

गाउँपालिकाले भूमिकर (मालपोत) लगाउने र उठाउने छ ।

(२) गाउँपालिकाले यस दफा बमोजिमको भूमिकर आफैले उठाउन वा नेपाल सरकार वा प्रदेश सरकार अन्तरगतका कुनै कार्यालय मार्फत उठाउने व्यवस्था मिलाउन सक्नेछ ।

१७. **व्यवसाय कर** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने र उठाउने छ ।

(२) गाउँपालिकाले कुनै व्यक्ति वा संस्थाले व्यावसायिक प्रयोजनका लागि प्रयोगमा ल्याएको भिडियो, प्रोजेक्टर, केबुल आदिमा व्यवसाय कर लागाउने र उठाउने छ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एकै वा फरक प्रकृतिका एक वा एक भन्दा बढी व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा सञ्चालन गरेमा हरेकलाई फरक फरक व्यवसाय मानि अलग अलग व्यवसाय कर लगाइने र उठाइनेछ ।

(३) उपदफा(२) बमोजिम हुनेगरी कसैले व्यवसाय वा शाखा विस्तार गरेमा त्यसरी विस्तार वा सञ्चालन गरेको

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

मितिले ६० (साठी) दिन भित्र सोको जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

(४) करदाताले व्यवसाय सञ्चालनका क्रममा आफूले व्यवसाय दर्ता गर्दाका बखतको कुनै विवरणमा हेरफेर, परिवर्तन वा नामसारी गर्नु परेमा त्यस्तो कारण परेको मितिले साठी दिन भित्र कार्यालयमा निवेदन दिई अद्यावधिक गर्नु गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन पर्न आएकोमा कर अधिकृतले सो विषयमा छानबिन गरी अन्यथा नदेखिएमा विवरण अद्यावधिक गरिदिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम छानबिन गर्दा अन्यथा देखिएमा त्यस्तो विवरण सच्याई पुनःपेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(६) एकपटक व्यवसाय दर्ता गरी व्यवसाय कर दाताको रूपमा दर्ता भएपछि उक्त व्यवसायको दर्ता खारेजी नभए सम्म सो व्यवसायबाट व्यवसाय कर असुल गरिनेछ ।

१८. <u>**बहाल कर**</u> : (१) गाउँपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर) कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले बहाल रकममा बहाल कर असुल गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर लगाउँदा गाउँपालिकाले आफ्नो क्षेत्र भित्र बहालमा लगाएको घरको

आकार, प्रकार, बनावट, उपयोग र क्षेत्रफलको आधारमा घर बहाल आय रकममा बहाल कर लगाई असुल उपर गर्नेछ ।

(३) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ ।

(४) कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(५) घर बहालमा दिंदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति सम्झौता गरेको मितिले पैतीस दिनभित्र कार्यालयमा पेश गर्नु पर्नेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घरधनीका तर्फबाट घर बहाल कर बुझाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने घर बहाल करको रकम कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(८) एक आर्थिक वर्षको घर बहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घर धनीलाई घर बहाल करमा आर्थिक ऐन बमोजिम छुट दिन सक्नेछ ।

(९) घर बहालको प्रयोजनको लागि कार्यपालिकाले न्यूनतम् मासिक घर बहाल रकम निर्धारण गरी लागू गर्न सक्नेछ ।

(१०) न्यूनतम् मासिक घर बहाल रकम निर्धारण तथा घर बहाल कर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **<u>विज्ञापन कर</u>** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउने र उठाउनेछ ।

(२) गाउँपालिकाले उपदफा (१) भजिमको कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम असुल भएको विज्ञापन कर रकम मध्ये गाउँपालिकाले लगाएको सबै र प्रदेशले लगाएको विज्ञापन करको दुई प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा दाखिला गरी प्रदेश सरकारले पाउने बाँकी कर रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(४) विज्ञापन कर समान्यतया वार्षिक हिसाब गरी एक वर्षको एकै पटक तिर्नु बुझाउनु पर्ने गरी लगाईने र उठाइने छ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अवधि तोकी निश्चित अवधिका लागि विज्ञापन गर्न अनुमति मागी निवेदन पर्न आएमा हरेक पटकको लागि तोकिए बमोजिम विज्ञापन कर असुल गरिनेछ ।

(६) गाउँपालिका क्षेत्रभित्र साइनबोर्ड, ग्लोबोर्ड, स्टल, विद्युत्तीय बोर्ड आदिबाट कुनै पनि प्रकारको विज्ञापन गर्नु पूर्व कार्यालयबाट अनुमति लिएर मात्र विज्ञापन गर्नु गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अनुमति नलिई गरिएको विज्ञापन गाउँपालिकाले हटाइ जफत गरी त्यस्तो विज्ञापन गर्ने व्यक्ति वा निकायबाट हटाउँदा लागेको खर्च बिगो र सो बराबर थप जरिवाना गर्नेछ ।

(८) यस दफा बमोजिमको विज्ञापन कर विज्ञापनक लागि अनुमति माग गरी निवेदन दिने व्यक्ति वा फर्मबाट असुल गरिनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिको भए तापनि सार्वजनिक हित र सरोकारलाई प्रत्यक्ष नकारात्मक असर गर्ने र जनजीवनमा नकारात्मक प्रभाव पार्न सक्ने कुनै पनि विज्ञापन गाउँ क्षेत्रभित्र गर्न पाइने छैन ।

(१०) विज्ञापन कर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **सवारी कर** : (१) गाँउपालिकाको प्रचलित कानून् बमोजिम आफ्नो क्षेत्रभित्रको सवारीमा सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा पटके सवारी कर लगाउन सक्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्जिन वा यान्त्रिक शक्तिमा सञ्चालन गर्ने चार पाङ्ग्रे, तीन पाङ्ग्रे वा दुई पाङ्ग्रे सवारी साधन सम्झनु पर्दछ ।

(२) यस दफा बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान कर दर कायम गरिनेछ ।

(३) सवारी कर लगाउने र उठाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **मनोरञ्जन कर**: (१) गाउँपालिकाले चलचित्र भिडियो, सांस्कृतिक प्रदर्शन, कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाई उठाउन सक्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(२) उपदफा (१) बमोजिम लागाइएको मनोरञ्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारले लगाएको मनोरञ्जन कर मनोरञ्जन स्थलको सञ्चालकले बिक्रि गरेको टिकटको आधारमा असुल गरिनेछ ।

(३) उपदफा (२) बमोजिम असुल भएको कर रकम मध्ये गाउँपालिकाले लगाएको सबै कर रकम र प्रदेश सरकारले लगाएको मनोरञ्जन कर रकमको तोकिको प्रतिशतले हुन आउने रकम गाउँपालिकाको सञ्चित कोषमा दाखिला गरी बाँकी रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम असुल गरेको मनोरञ्जन करको रकम असुल गरेको महिनाभन्दा पछिको महिनाको २५ गते भित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(५) मनोरञ्जन कर लगाउने र उठाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **जडीबुटी, कवाडी र जीवजन्तु कर** : (१) गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक

उपयोग गरे बापत गाउँपालिकाले जडीबुटी, कवाडी र जीवजन्तु कर लगाउनेछ ।

(२) जडीबुटी, कवाडी र जीवजन्तु कर लगाउने र उठाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद — ४

## <u>गैर कर (शुल्क र दस्तुर) राजश्व सम्बन्धी व्यवस्था</u>

२३. **<u>सेवा शुल्क तथा दस्तुर लगाउने र उठाउन सक्ने</u>** : गाउँपालिकाले संविधानको अनुसूची-८ बमोजिमका क्षेत्र र विषयमा आफूले पुर्याएको सेवा बापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

२४. **<u>घर जग्गा रजिष्ट्रेसन शुल्क</u>**: ( १ ) गाउँपालिकाले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम घर जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारले लगाएको घर जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क समेत उठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम असुल भएको घर वा घर जग्गा रजिष्ट्रेसन शुल्क रकम मध्ये गाउँपालिकाले लगाएको सबै र प्रदेश सरकारले लगाएको घर जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्कको तोकिएको प्रतिशतले हुने रकम

गाउँपालिकाको सञ्चित खातामा दाखिला गरी बाँकी रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(४) गाउँपालिका क्षेत्र भित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेषन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क बुझाउनु पर्नेछ ।

(५) घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरणको समयमा बुझाउनु पर्नेछ ।

(६) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम् रकम बमोजिम त्यस्तो घर , जग्गा वा घरजग्गा रजिष्ट्रेशन गर्ने कार्यालयबाट असुल गरिनेछ ।

(७) संघीय सरकार, प्रदेश सरकार र गाउँपालिका तथा यिनका कार्यालय वा निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन ।

(६) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउने र उठाउने सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **<u>बहाल बिटौरी शुल्क</u>** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा थाप्न



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

दिएका अस्थायी पसलहरूमा बहाल बिटौरी शुल्क लगाउन सक्नेछ ।

तर सार्वजनिक आवागमन र सर-सफाइमा बाधा पुग्ने गरी वा स्थायी पसल निर्माण गर्न दिइने छैन ।

(२) साप्ताहिक रूपमा लाग्ने हाट बजारमा व्यापार व्यवसाय गरे बापत गाउँपालिकाले दैनिक रूपमा बहाल बिटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्रको स्वामित्व नखुलेको जग्गामा स्थायी संरचना निर्माण गरी व्यापार व्यवसाय सञ्चालन एवं संरचना तथा जग्गा जमीनको उपभोग गरी बसिरहेको अवस्थामा कसैले प्रमाण सहित दावी नगर्दासम्म त्यस्तो जग्गा सार्वजनिक जग्गा सरह मानी गाउँपालिकाले त्यस्तो संरचना वा जग्गामा बसोबास गरेका व्यक्तिबाट बहाल बिटौरी शुल्क लिनेछ ।

तर यस्तो जग्गा संरचनाको हकमा संघीय सरकार तथा प्रदेश सरकारबाट उपयुक्त निर्णय नहुदासम्म शुल्क तिरेकै आधारमा त्यस्तो संरचना तथा जग्गामा निजको स्वामित्व कायम भएको मानिने छैन ।

(४) बहाल बिटौरी शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

२६. **सवारीसाधन पार्किङ्ग शुल्क**ः गाउँपालिकाक्षेत्रमा आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ्ग क्षेत्रमा सवारी पार्किङ्ग शुल्क लगाई उठाउन सक्ने छ ।

(२) उपदफ़ा (१) बमोजिम सवारी पार्किङ्ग शुल्क लगाउँदा राष्ट्रिय तथा प्रदेश राजमार्गको क्षेत्राधिकार भित्रको जग्गामा सवारी पार्किङ्ग शुल्क लगाइनेछैन ।

तर त्यस्तो राजमार्ग क्षेत्र प्रयोगमा नरहेको अवस्थामा गाउँपालिकाले पार्किङ्ग प्रयोजनका लागि पूर्वाधार तयार गरी पार्किङ्गको व्यवस्था गरेकोमा पार्किङ्ग शुल्क लगाउन यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(३) सवारी पार्किङ्ग शुल्क लगाउने र उठाउने सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **ढुंगा परिवहन (बोल्ट सेवा) शुल्क**ः गाउँपालिकाले आफ्नो क्षेत्र सञ्चालन भएका ढुंगा परिवहन (बोल्ट सेवा) मा शुल्क लगाई उठाउन सक्नेछ।

(२) ढुंगा परिवहन (बोल्ट सेवा) शुल्क लगाउने र उठाउने सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **पर्यटन शुल्क**ः (१) गाउँपालिकाले आफैं निर्माण गरेको पर्यटक स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्यटन शुल्क लगाउँदा त्यस्तो क्षेत्रमा आउने पर्यटक, पर्यटक क्षेत्रमा उपलब्ध गराइएको सेवा, पर्यटन क्षेत्र सञ्चालन र मर्मत सम्भार खर्चको आधारमा पर्यटन शुल्क लगाउनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटकलाई कुनै शुल्क लिईनेछैन ।

(२) पर्यटन शुल्क लगाउने र उठाउने सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **<u>अचल सम्पत्ति मूल्याङ्कन सेवा शुल्क</u>** : (१) गाउँपालिकाले आआफ्नो क्षेत्रभित्र लगाउन सक्ने अचल सम्पत्तिको मूल्याङ्कन गर्दा आर्थिक ऐनमा तोकिए बमोजिम सेवा शुल्क लगाउन सक्नेछ ।

(२) अचल सम्पत्ति मूल्याङ्कन गर्न गाउँपालिकाले आवश्यकतानुसार विशेषज्ञ समेत रहेको कार्यटोली गठन गर्न सक्नेछ ।

(३) अचल सम्पत्ति मूल्याङ्कन सेवा शुल्क लगाउने र उठाउने सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. **<u>अन्य सेवा शुल्क तथा दस्तुर लगाउन सक्ने</u>** :(१) गाउँपालिकाले खानेपानी, बिजुली, धारा, सार्वजनिक टेलिफोन

र त्यस्तै अन्य सुविधा उपलब्ध गराए बापत सेवा शुल्क लगाउन सक्नेछ ।

(२) गाउँपालिकाले गाउँ क्षेत्रमा फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास आदि सुविधा उपलब्ध गराए बापत सेवा शुल्क लगाउन सक्नेछ ।

(३) गाउँपालिकाले बनाएका वा सञ्चालन गरेका संग्रहालय, शौचालय, पार्क, स्नानगृह, स्वीमिङ्गपुल, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, होष्टेल, हाट बजार, पशु बधशाला, शव दाह व्यवस्था, धोवीघाट र त्यस्तै अन्य सुविधा उपलब्ध गराए बापत सो उपभोग गर्ने व्यक्तिबाट सेवा शुल्क लिन सक्नेछ ।

(४) उपदफा (१), (२) वा (३) मा उल्लेख भए बमोजिमका सुविधाहरू उपलब्ध गराउने र सो बापत लाग्ने सेवा शुल्क उठाउने काम गाउँपालिकाले निजी क्षेत्र मार्फत वा निजी क्षेत्रलाई समेत सहभागी गराई गर्न सक्नेछ ।

(५) गाउँपालिकाले निर्माण गरेको सडक, ढल, पुल, पेटी, चोक, गल्ली, नाली, बत्ती आदि मर्मत सुधार गर्न लाग्ने खर्च निर्धारण गरी सम्बन्धित उपभोक्ताहरूबाट वार्षिक रूपमा मर्मत सेवा शुल्क असुल गर्न सक्नेछ ।

(६) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने घर, टहरा र भवनमा आर्थिक ऐनमा तोकिएको दरमा नक्सा पास शुल्क लगाउन सक्नेछ ।

(७) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आर्थिक ऐनमा तोकिएको दरमा बक्सौनी तथा सिफारिस दस्तुर लगाउन सक्नेछ ।

## परिच्छेद — ५

## करदाता दर्ता र कर विवरण संकलन सम्बन्धी व्यवस्था

३१. **करदाताको पहिचान तथा दर्ता** : (१) यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका व्यक्ति, संस्था, फर्म वा कम्पनीलाई गाउँपालिकाले करदाताको रूपामा दर्ता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम करदाता दर्ता गर्दा प्रत्येक करदाताको लागि स्पष्ट पहिचान हुने गरी अलग अलग करदाता संकेत नम्बर उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाता संकेत नम्बर उपलब्ध गराउँदा एक व्यक्तिले यस ऐन बमोजिम जतिसुकै प्रकारको कर तिर्ने भए तापनि निजलाई एकमात्र संकेत नम्बर प्रदान गरी सबै कर सोही संकेत नम्बरबाट नियमन र असुल उपर गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(४) यस दफा बमोजिम करदाता पहिचान र दर्ता गर्नका लागि गाउँपालिकाले निश्चित अवधि तोकी सार्वजनिक सूचना जारी गर्न सक्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(५) यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताले गाउँपालिकामा आफैले आफूलाई करदाताको रूपमा सूचिकृत गरी करदाता संकेत नम्बर लिनु पर्नेछ ।

(६) करदाता संकेत नम्बर प्रदान गर्दा नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले सम्बन्ध सोही नम्बर प्रयोग गर्ने गरी व्यवस्था मिलाउन सकिनेछ ।

(७) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय, सेवा प्रवाह गर्ने व्यक्ति वा कम्पनी वा फर्म वा संस्था वा बैंक वा उद्योगले गाउँपालिकामा आफ्नो व्यवसाय दर्ता गरेर मात्र कारोबार गर्नु गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम व्यवसाय दर्ता गर्नु पर्ने व्यापार, व्यवसाय, सेवा प्रवाह गर्ने व्यक्ति वा कम्पनी वा फर्म वा संस्था वा बैंक वा उद्योगले यस अघि दर्ता भई वा नभई गाउँपालिका क्षेत्र भित्र व्यवसायिक कारोबार गर्दै गरेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो व्यवसाय दर्ता गरी अद्यावधिक गर्नु पर्नेछ ।

(९) राजश्व शाखाले यस दफा बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राखु पर्नेछ ।

(१०) करदाता पहिचान तथा दर्ता सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

३२. **<u>करदाताको प्रतिनिधित्व</u>** : (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति, कानून व्यवसायी वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिएको उमेर पुगेको व्यक्तिले गर्न सक्नेछ ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिले करदाताको तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ ।

३३. **<u>विवरण दाखिला गर्ने कर्तव्य</u>** : (१) गाउँबासीहरुले आ-आफ्नो सम्पत्ति तथा कर योग्य कारोबारको विवरण बुझाउन गाउँपालिकाले आह्वान गरेको समयावधि भित्र तोकिए बमोजिमको फारममा आ-आफ्नो सम्पत्ति तथा अन्य कर योग्य कारोबारको विवरण भरी गाउँपालिकामा दाखिला गर्नुपर्ने छ ।

(२) विवरण दाखिला गर्न दिएको सूचना अनुसार पेश भएका विवरणहरु र प्रमाणका सम्बन्धमा कार्यालयका कर्मचारीहरुले त्यसको सत्यता जाँच गर्न सक्नेछन् ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(३) उपदफा (२) बमोजिम जाँच गर्दा कार्यालयका कर्मचारीहरुले जान्न चाहेको जिज्ञासाहरु जानकारी गराउने कर्तव्य करदाताहरुको हुनेछ ।

३४. **स्वयं विवरण दाखिला सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्रभित्रका सम्पत्ति धनी तथा उद्योग, व्यापार, व्यवसाय तथा सेवाधनीहरूले प्रत्येक वर्ष तोकिए बमोजिमको ढाँचामा कार्यालयमा आफ्नो सम्पत्ति तथा उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सम्पत्ति धनी तथा उद्योग, व्यापार, व्यवसाय तथा सेवाधनीको अघिल्लो वर्षको विवरणमा कुनै हेरफेर वा परिवर्तन नभएको साविक कै विवरण कायम गरिनेछ

(३) उपदफा (२) बमोजिमको अवस्थामा उपदफा (१) बमोजिम विवरण नबुझाएकै कारणले मात्र कुनै सजाय वा जरिवाना गरिने छैन ।

(४) सम्पत्ति करको हकमा गाउँपालिकाले सम्पत्ति कर लागू गर्ने आर्थिक वर्ष सुरु हुनु अगावै सूचना जारी गरी करदाताहरूबाट सम्पत्ति विवरण दाखिला गर्ने म्याद दिनु पर्नेछ ।

(५) गाउँपालिकाले उपदफा (४) बमोजिमको सूचना जारी गर्दा पहिलोपटक करदाताहरूलाई विवरण दाखिला गर्न कम्तिमा पैंतीस (३५) दिनको म्याद दिनु पर्नेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(६) उपदफा (५) बमोजिमको म्यादभित्र विवरण दाखिला हुन नसकी म्याद बढाउन आवश्यक देखिएमा कार्यपालिकाले एकै पटक वा पटकपटक गरी बढीमा तीन महिनासम्म म्याद बढाउन सक्नेछ ।

(७) सम्पत्ति धनी वा सम्बन्धित सरोकारवालाहरूलाई विवरण फाराम भर्न सहयोग गर्नका लागि गाउँपालिकाले आवश्यकता अनुसार स्थानीय संघसंस्था, सामुदायिक संस्था, टोल विकास संस्था तथा स्वयंसेवकहरू परिचालन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिमका संघ, संस्था, संगठन तथा स्वयंसेवकहरू परिचालन गर्दा सम्पत्ति कर लगायत कर तथा गैर कर सम्बन्धी सबै विषयमा अभिमुखीकरण गर्नु पर्नेछ ।

(९) कुनै करदाताले सम्पत्ति तथा व्यवसायको विवरण दाखिला गरेपछि आफ्नो स्वामित्वमा परिवर्तन वा संरचना निर्माणका कारणले सम्पत्ति वा अन्य विवरण थपघट भएमा प्राप्त गर्नेले वा निर्माण गर्नेले तयारी स्वामित्व परिवर्तन भएको वा संरचना निर्माण भएको मितिले पैंतीस (३५) दिनभित्र सोको प्रमाण सहितको विवरण कार्यालयमा बुझाउनु पर्नेछ ।

(१०) सम्पत्ति करको लागि सम्पत्तिको विवरण सम्पत्ति धनी स्वयंले तथा उद्योग, व्यापार, व्यवसाय तथा

सेवाको विवरण सम्बन्धित संस्थाको आधिकारिक अधिकार प्राप्त व्यक्तिले कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम सम्पत्ति धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सङ्गोलको परिवारका कानून बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्ति धनीको वारेसनामा प्राप्त व्यक्तिले विवरण दाखिला गर्न सक्नेछन् ।

(१२) उपदफा (११) बमोजिम परिवारका अन्य सदस्य नभएका वा नाबालक तथा अशक्तका हकमा माथवर वा निजको संरक्षकले विवरण बुझाउन सक्नेछ ।

(१३) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्ति धनीहरूले संयुक्त रूपमा वा कुनै एकजनाले दाखिला गर्न सक्नेछ ।

(१४) कुनै करदाताले यस दफा बमोजिमको समयावधि भित्र सम्पत्ति करको लागि सम्पत्ति विवरण तथा उद्योगी, ब्यापारी, व्यवसायी तथा सेवा प्रवाह संग सम्बन्धित सरोकारवालाले सम्बन्धित विवरण फाराम दाखिला नगरेमा वा झुट्टा विवरण दाखिला गरेमा तोकिए बमोजिमको थप शुल्क लिई विवरण फाराम बुझिलिन सकिनेछ ।

(१५) घर बहालमा दिने घरधनीले घर बहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र पेश गर्नु पर्नेछ ।

(१६) यस दफा बमोजिम विवरण पेश नभए तापनि अघिल्लो वर्ष पेश भएको विवरणको आधारमा करदाताको विवरण अद्यावधिक गर्न सकिनेछ ।

(१७) व्यवसाय वा सम्पत्ति भूकम्प, आगलागी, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपको कारण क्षति भएमा त्यस्तो घटना घटेको मितिले ६० (साठी) दिन भित्र कार्यालयलाई सो को सूचना दिई सक्नु पर्नेछ ।

(१८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले आवश्यकता अनुसार स्थलगत रुपमा नै करदाताको विवरण संकलन गर्नका लागि टोलि खटाउन सक्नेछ ।

(६) करदाताको विवरण संकलन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **<u>सम्पत्तिको विवरण संकलन विधि</u>** : (१) गाउँपालिकाले सम्पत्ति कर प्रयोजनका लागि अघिल्लो आर्थिक वर्षदेखि नै करदाताका नाममा रहेको सम्पत्तिको विवरण तोकिएको ढाँचामा संकलन तथा अद्यावधिक गर्नेछ ।

(२) गाउँपालिकाले सम्पत्तिको विवरण अद्यावधिक गर्नका लागि गाउँपालिका क्षेत्रमा रहेका प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गरी लगत तयारी तथा अद्यावधिक गर्न स्थलगत सर्वेक्षण विधि वा दफा ३३ बमोजिम करदाता स्वयंले उपलब्ध गराएको विवरणका

आधारमा प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गर्ने विधिमध्ये कुनै एक वा मिश्रित विधि प्रयोग गरी सम्पत्तिको लगत संकलन तथा अद्यावधिक गर्न सक्नेछ ।

(३) गाउँपालिकाले करदाताहरूको सम्पत्तिको विवरण संकलन गर्नका लागि उपदफा (२) बमोजिम विधिको छनोट गरी सकेपछि सोको कार्यान्वयनका लागि कार्ययोजना सहितको परियोजना प्रस्ताव स्वीकृत गर्नुपर्नेछ ।

(४) सम्पत्तिको विवरण संकलनका लागि परियोजना प्रस्ताव बमोजिमको कार्य गर्न मौजुदा जनशक्ति अपर्याप्त भई थप जनशक्तिको आवश्यकता परेमा त्यस्तो जनशक्ति प्रचलित कानून बमोजिम अवधि तोकी करारमा नियुक्त गरी वा गुठी वा टोल विकास संस्था वा अन्य संगठित वा सामुदायिक संघसंस्थासँग सम्झौता गरी सेवा करारमा लिन सकिनेछ ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागि "टोल विकास संस्था" भन्नाले समाज परिचालनको प्रक्रिया मार्फत तोकिएको भौगोलिक क्षेत्रको टोल तथा समुदायको आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि एक परिवार एक सदस्यको अवधारणामा आधारित भई गठन र सञ्चालन भएको तथा गाउँपालिकामा सूचीकृत भएको स्थानीय स्तरको सामुदायिक संस्थालाई सम्झनु पर्दछ ।

३६. **उद्योग, व्यापार, व्यवसाय र सेवाको विवरण संकलन विधिः** (१) गाउँपालिकाले कर तथा राजश्व प्रयोजनका लागि



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

अघिल्लो आर्थिक वर्षदेखि नै कुनै पनि व्यक्ति, परिवार वा संघ संस्थाका नाममा रहेको उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विवरण तोकिएको ढाँचामा संकलन तथा अद्यावधिक गर्नेछ ।

(२) गाउँपालिकाले उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विवरण संकलन तथा अद्यावधिक गर्नका लागि गाउँपालिका क्षेत्रमा रहेका प्रत्येक व्यक्ति, परिवार वा संघ संस्थाका नाममा रहेको उद्योग, व्यापार, व्यवसाय तथा सेवाको पहिचान गरी अद्यावधिक गर्न स्थलगत सर्वेक्षण विधि वा दफा ३३ बमोजिम करदाता स्वयंले उपलब्ध गराएको विवरणका आधारमा पहिचान गर्ने विधिमध्ये कुनै एक वा मिश्रित विधि प्रयोग गरी उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विवरण अद्यावधिक गर्न सक्नेछ ।

(३) गाउँपालिकाले उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विवरण संकलन गर्नका लागि उपदफा (२) बमोजिम विधिको छनोट गरी सकेपछि सोको कार्यान्वयनका लागि कार्ययोजना सहितको परियोजना प्रस्ताव स्वीकृत गर्नुपर्नेछ ।

(४) विवरण संकलनका लागि परियोजना प्रस्ताव बमोजिमको कार्य गर्न मौजुदा जनशक्ति अपर्याप्त भई थप जनशक्तिको आवश्यकता परेमा त्यस्तो जनशक्ति प्रचलित कानूनबमोजिम करारमा नियुक्त गरी वा गुठी वा टोल



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

विकास संस्था वा अन्य संगठित वा सामुदायिक संघसंस्थासँग सम्झौता गरी सेवा करारमा लिन सकिनेछ ।

३७. **<u>सम्पत्ति करका लागि सम्पत्तिको प्रमाण</u>**ः (१) करदाताले जग्गाको विवरण दाखिला गर्दा क्षेत्रफल समेत खुलेको आफ्नो स्वामित्वको प्रमाण साथै पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पेश भएको प्रमाण आधिकारिक नभएमा त्यस्तो जग्गाको विवरण स्विकार गर्न गाउँपालिका बाध्य हुने छैन ।

(३) करदाताहरूले विवरण दाखिला गर्दा देहाय बमोजिमका कागजातहरू समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

(क) अघिल्लो आर्थिक वर्षसम्मको सम्पत्ति कर वा मालपोत वा भूमिकर वा आफूले तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर, शुल्क र दस्तुर तिरेको निस्सा वा गाउँपालिकाको प्रमाणित विवरण,

(ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गाको स्वामित्व र क्षेत्रफल प्रमाण कागजात,

(ग) निर्माण सम्पन्न भएको वा घर भएको प्रमाण ।

(४) प्रचलित कानून बमोजिम नक्सापास गरी निर्माण गर्नुपर्ने तर नक्सा पास नगरी निर्माण भएका संरचनाको सम्पत्ति विवरण बुझ्दा गाउँपालिकाले नक्सापास दस्तुरबापत लाग्ने रकमको अनुमान गरी सो को दोब्बरले हुन आउने रकम धरौटी लिई सम्पत्ति विवरण स्वीकार गर्न सक्नेछ ।

तर, यसरी स्वीकार गरिएको संरचनाको विवरणको कारणले यस्ता भवन नक्सा पास भएको वा मापदण्ड पुगेको मानिने छैन ।

(५) कर तिर्ने दायित्व भएका कुनै सम्पत्ति धनीको जग्गामा निजको मञ्जुरनामा लिई अर्को व्यक्तिले संरचना निर्माण गरेमा संरचना समेतको विवरण दाखिला गर्ने तथा कर बुझाउने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ ।

(८) गाउँपालिकामा सम्पत्ति कर विवरण दाखिला गरी कर बुझाएको सम्पत्ति गाउँपालिकामा दर्ता नभएको नयाँ व्यक्तिले खरिद गरेमा त्यस्तो व्यक्तिले त्यसरी खरिद गरी लिएको मितिले ३५ (पैंतीस) दिन भित्र खरिद गरेको प्रमाण संलग्न गरी सम्पत्ति विवरण फाराम भरी कार्यालयमा बुझाउनु पर्नेछ ।

३८. **<u>उद्योग, व्यापार, व्यवसाय, सेवाको प्रमाण तथा विवरण</u>** : (१) करदाताले आफ्नो उद्योग, व्यापार, व्यवसाय, सेवा लगायतको विवरण दाखिला गर्दा अधिकृत पुँजी र आफ्नो

स्वामित्वको सम्पूर्ण विवरण सहितको प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पेश भएको प्रमाण आधिकारिक नभएमा त्यस्तो विवरण स्वीकार गर्न गाउँपालिका बाध्य हुने छैन ।

(३) करदाताहरूले विवरण दाखिला गर्दा देहाय बमोजिमका कागजातहरू समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

(क) अघिल्लो आर्थिक वर्षसम्मको आफ्नो दायित्व बमोजिमको कर तथा राजश्व तिरेको निस्सा वा गाउँपालिकाको प्रमाणित विवरण,

(ख) उद्योग, व्यापार, व्यवसाय, सेवाको दर्ता, भ्याट वा पान दर्ता लगायतका प्रमाण पत्रको प्रतिलिपि,

(ग) कारोबार सञ्चालन भएको आधिकारिक प्रमाण,

(घ) अघिल्लो वर्षको वार्षिक कारोबार अंक,

(ङ) अघिल्लो वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, र

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(च) बहालमा लिई व्यवसाय सञ्चालन गरेको भए बहाल सम्झौताको प्रतिलिपि ।

तर एक पटक उल्लेखित प्रमाण पत्र पेश गरी गाउँपालिकामा सूचिकृत भई नियमित कर तथा राजश्व तिरिरहेका उद्योग, व्यापार, व्यवसाय तथा सेवा लगायतले आफ्नो आधिकारिक विवरणमा फेर बदल नभए सम्म खण्ड (ख) र (ग) बमोजिमको विवरण पेश गर्न अनिवार्य रहने छैन ।

(४) कुनै व्यक्ति वा संस्थाले आफ्नो उद्योग, व्यापार, व्यवसाय तथा सेवा कानून बमोजिम अन्य कुनै व्यक्ति वा संघ संस्थालाई सम्झौता गरी निश्चित अवधिका लागि सञ्चालन गर्न दिईएमा उपदफा (३) बमोजिमको विवरण दाखिला गर्ने कर तथा राजश्व बुझाउने दायित्व सम्बन्धित सञ्चालकको हुनेछ ।

३९. **विवरण दाखिला गर्न आदेश दिन सक्ने** : (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरणमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक गरी दाखिला गरेको भनी शंका गर्न सकिने मनासिब आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली विवरण दाखिला गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएकोमा सम्बन्धित व्यक्तिले आदेश प्राप्त भएको मितिले एक महिना भित्र विवरण दाखिला गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने अवस्था भई सम्बन्धित व्यक्तिले मनासिब आधार र कारण उल्लेख गरी म्यादथपको लागि निवेदन दिएमा कर अधिकृतले त्यसरी म्याद थपी दिन उपयुक्त ठानेमा बढीमा तीस दिनको समयावधि थप गरी दिन सक्नेछ ।

४०. <u>**विवरण बुझाउन सकिने**</u> : यस परिच्छेद बमोजिम विवरण दाखिल भइसकेपछि कुनै तथ्य सम्बन्धी गणितीय भूल भएको लागेमा करदाताले पहिला विवरण दाखिल भएको मितिले तीन (३) महिना भित्र यथार्थ र तथ्य परक अर्को विवरण पेश गर्न सकिनेछ ।

## परिच्छेद — ६

## सम्पत्ति मूल्यांकन सम्बन्धी व्यवस्था

४१. <u>**सम्पत्तिको मूल्यांकन**</u> : (१) परिच्छेद ५ बमोजिमको विवरण तयार भएपछि जग्गा तथा संरचनाको मूल्याङ्कनका लागि कार्यपालिकाले दफा ७९ को उपदफा (३) बमोजिम विशेषज्ञ समेत रहेको मूल्याङ्कन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको कार्यावधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(३) सम्पत्ति कर लाग्ने घर जग्गाको सम्पत्ति कर निर्धारणका लागि घर जग्गा सम्पत्तिको मूल्याङ्कन देहाय बमोजिम हुने गरी गरिनेछ; -

(क) सम्पत्ति कर लगाउन योग्य मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने,

(ख) भौतिक संरचनाको प्रचलित बजार भाउबाट कायम हुन आएको मूल्यमा ह्रासकट्टी गर्ने,

(ग) खण्ड (क) बमोजिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि ह्रासकट्टी गर्दा तोकिए बमोजिम गर्ने,

(घ) जग्गा बाहेक अन्य भौतिक संरचनाको मूल्याङ्कन तोकिए बमोजिमको वर्गीकरणको आधारमा तोकिए बमोजिम मूल्य निर्धारण गर्ने,

(ङ) भौतिक संरचनाको मूल्य निर्धारण गर्दा क्षतिग्रस्त वा भत्केको अवस्था भएमा

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाउने,

(च) घरको बनावट (कच्ची वा पक्की),

(छ) घर जग्गा सडकसँग छोएको वा नछोएको,

(ज) सडकसँग छोएको घर जग्गा कच्ची सडकसँग छोएको पक्की, कच्ची वा गोरेटो,

(झ) खण्ड (ज) बमोजिमको सडकको प्रकृति, राजमार्ग, वा मुख्य सडक र सडकसँगको दुरी,

(ञ) घरजग्गाको उपयोगको अवस्था आवासीय, व्यापारिक, कृषि, औद्योगिक आदि,

(ट) सम्पत्तिको कुल मूल्याङ्कन र सो मा यस ऐन बमोजिम हुने ह्रास कट्टी गरी खुद सम्पत्तिको मूल्य कायम गरिनेछ ।

(४) सम्पत्तिमा कर लगाउने प्रयोजनको लागि सम्पत्तिको मूल्याङ्कन गर्ने फारामको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(५) नक्सापास गरी निर्माण भएका संरचनाको हकमा करदाताले दिएको विवरणलाई नै आधार मानी घरको आकार, प्रकार एवं निर्माण मिति कायम गरी सम्पत्तिको मूल्यांकन गरिने छ ।

(६) उपदफा (५) बमोजिमको व्यवस्था भवन निर्माण सम्बन्धी मापदण्ड पालना नभई निर्माण भएका संरचनाहरुको हकमा पनि लागू हुनेछ ।

(७) उपदफा (३) बमोजिम सम्पत्तिको मूल्याङ्कन सिफारिस भइसकेपछि कार्यपालिकाले सम्पत्तिको मूल्याङ्कन दर असार महिनाभित्र निर्धारण गरि सक्नु पर्नेछ ।

(८) कर प्रयोजनकालागि गरिएको जग्गा र भौतिक संरचनाको मूल्यांकन अन्य प्रयोजनका लागि बाध्यात्मक आधार हुनेछैन ।

(९) करदाताको नाममा प्रत्येक आर्थिक वर्षको श्रावण १ गते रहेको जग्गा तथा संरचनालाई त्यस वर्ष निजको स्वामित्वमा रहेको सम्पत्ति मानी त्यसै बमोजिम मूल्यांकन तथा कर निर्धारण गरिनेछ ।

(१०) प्रत्येक व्यक्तिको स्वामित्वको सम्पूर्ण सम्पत्तिहरुको छुट्टा छुट्टै मूल्यांकन गरिनेछ ।

(११) सम्पत्तिको मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

४२. **भौतिक संरचनाको वर्गीकरण स्वामित्व, वनौट, प्रकार, क्षेत्रफल, निर्माण मिति** : (१) भौतिक संरचनाको वर्गीकरण देहाय बमोजिम हुनेछ;-

(क) भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएको वा काठैकाठबाट बनेको र जस्ता, झिंगटी, टायल, एसबेस्टसको छाना भएको घर,

(ख) भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेण्ट प्लाष्टर गरी छाना ढलान (आर. सि. सि. वा आर. वि.सि.पक्का ईटा वा ढुंगामा माटो वा सिमेण्टको जोडाई र आर.सि.सि. छाना भएको घर,

(ग) भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेण्ट प्लाष्टर छाना ढलान (आर. सि.सि. वा आर.वि.सी.) गरिएको घर,

(घ) आर. सि. सि. फ्रेम स्ट्रक्चर भएको घर,

(ङ) आर. सि. सि. फ्रेम स्ट्रक्चरमा लिफ्ट/एस्कलेटर जडान भएको घर,

(च) ईटा ढुंगाको गारो काठ वा सिमेण्टको खाँवे घर जस्ता, टायल, खरको छाना.

(छ) स्टील फ्रेम स्ट्रक्चर, फ्रविङट्रस, फाइवर वा यस्तै संरचना,

(ज) तोकिए बमोजिमका अन्य संरचना ।

(२) गाउँपालिकाबाट नक्सा पास गरी बनाएको संरचनाहरुको हकमा नक्सा पासको विवरणको आधारमा संरचनाको आकार, प्रकार र निर्माण मिति कायम गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नक्सा पास विवरणमा संरचनाको निर्माण सम्पन्न मिति नखुलेमा र करदाताले पनि संरचना निर्माण मिति खुलाउन नसकेमा नक्सा पास भएको मिति भन्दा २ (दुई) वर्ष पछिको मितिलाई निर्माण मिति कायम गरिनेछ ।

(४) घर नक्सा पास नभएको संरचनाको हकमा करदाताले दिएको विवरणलाई नै आधार मानी घरको आकार, प्रकार र निर्माण मिति कायम गरिनेछ ।

(५) उपदफा (४) बमोजिमको विवरणलाई गाउँपालिकाले प्राविधिक कर्मचारी वा अन्य कर्मचारी खटाई स्थलगत निरीक्षण गराई जाँच गर्न लगाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम जाँच गर्दा विवरण फरक पाइएमा निरीक्षण गर्दा आएको विवरणलाई आधारमानी अघिल्लो वर्षको समेत कर निर्धारण गरी थप नपुग कर रकम लिइनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(७) उपदफा (५) बमोजिम निरीक्षण गर्दा नियतवश कर छल्ने उद्देश्यले तल्लाको संख्या छलेको, संरचनाको क्षेत्रफलमा १० प्रतिशत भन्दा बढी फरक पारेको, संरचनाको प्रकार फरक दाखिला गरेको, प्रयोग सम्बन्धमा  गलत विवरण दिएको पाईएमा कायम भएको सम्पूर्ण कर रकममा १०० प्रतिशत जरिवाना लिई कर असुल गरिनेछ ।

(८) संरचनाको तला छुट्याएर अलग अलग स्वामित्व कायम भएको रहेछ भने सोही अनुसार अलग अलग स्वामित्व कायम गरी अलगअलग कर लिइनेछ ।

(९) जग्गाधनी वा घर धनीको मञ्जुरीनामा लिई अर्को व्यक्तिले संरचना निर्माण गरेमा संरचनाको स्वामित्व निर्माण कर्तामा हुने भए तापनि संरचना समेतको स्वामित्व जग्गाधनीको मानिनेछ र कर बुझाउने कर्तव्य समेत जग्गा धनिको नै हुनेछ ।

४३. **विवरण दाखिला नगर्ने व्यक्तिको सम्पत्तिको मूल्यांकन** : (१) कुनै करदाताले आफ्नो सम्पत्तिको विवरण दाखिला नगरेमा गाउँपालिकाले त्यस्ता व्यक्तिलाई विवरण दाखिला गर्न लिखित आदेश वा सूचना दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश वा सूचनाको जानकारी पत्र वा पत्रपत्रिका वा विद्युतीय संचार माध्यमबाट समेत दिन सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको आदेश पाएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो विवरण दाखिला गर्नुपर्ने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

(४) गाउँपालिकाले विवरण दाखिला गर्न आदेश दिएको समय भित्र करदाताले आफ्नो विवरण दाखिला नगरेमा कार्यालयले कुनै कर्मचारी खटाई सम्पत्तिको पहिचान, मूल्यांकन र कर निर्धारण गरी सम्बन्धित करदातालाई कर बुझाउन आदेश दिनेछ ।

तर, मूल्यांकन समिति कार्यरत रहेको अवस्थामा भने यस उपदफा बमोजिमको कार्य मूल्यांकन समितिले गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको आदेश पाएको मितिले पैंतीस (३५) दिनभित्र करदाताले यथार्थ विवरण पेश गरी जरिवानाका साथै कर रकम चुक्ता गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको सम्पत्तिको विवरण, मूल्यांकन, कर निर्धारण तथा अतिरिक्त शुल्क र जरिवानामा करदातालाई चित्त नबुझे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम उजुरी दिंदा उपदफा (४) बमोजिम तोकिएको कर रकम गाउँपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम पर्न आएको निवेदन प्रमुख प्रशासकीय अधिकृतले निर्णयार्थ कार्यपालिकामा पेश गर्न लगाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम कार्यपालिका समक्ष पेश हुन आएको निवेदनको सम्बन्धमा कार्यपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(१०) उपदफा (४) बमोजिमको आदेश पाएको मितिभित्र पनि करदाताले विवरण बुझाई कर दाखिला नगरेमा गाउँपालिकाले निजको नाममा रहेको चलअचल सम्पत्ति रोक्का राखी सेवा वन्द गर्ने वा अन्य कुनै तरिकाले सरकारी बॉकि सरह कर असुल गर्न सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम कर असुल गर्दा प्रमुख प्रशासकीय अधिकृतले लागेको सम्पूर्ण खर्च समेत सम्बन्धित करदाताबाट असुलउपर गर्न सक्नेछ । यस्तो खर्च निजले तिर्नुपर्ने कर रकमको दोब्बरभन्दा बढी हुनेछैन ।

(१२) कुनै करदाताले बैंक वा वित्तीय संस्थामा धितो बापत राखेको सम्पत्तिको बैंकले सम्पत्ति कर चुक्ता गर्न चाहेमा बैंकको अनुरोधमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो धितो जग्गाको मात्र मूल्यांकन गरी सम्पत्ति कर असूल गर्न सक्नेछ ।

४४. **जग्गा तथा संरचनाको क्षेत्र र क्षेत्रगत समदर न्यूनतम् मूल्यांकन र ह्रास कट्टी सम्बन्धी** : सम्पत्ति कर प्रयोजनका लागि जग्गा तथा संरचना क्षेत्र र क्षेत्रगत न्यूनतम् मूल्यांकन ह्रास कट्टी सम्बन्धी व्यवस्था यस ऐन बमोजिम गठित मूल्यांकन समितिको सिफारिसमा गाउँ सभाले तोके बमोजिम हुनेछ ।

४५. **सम्पत्ति कर प्रयोजनका लागि जग्गाको मूल्यांकन** : (१) जग्गाको मूल्यांकन गर्दा प्रचलित बजार भाउ अनुसार जग्गाको मूल्य कायम गर्न निम्न विधिहरुलाई प्रयोगमा ल्याईनेछ;-

(क) करदाताले दिएको आफ्नो जग्गाको चलन चल्तीको मूल्यको सूचनालाई आधारको रुपमा लिन सकिनेछ,

(ख) गाउँपालिकाले आफ्नै तर्फबाट खटाएका कर्मचारीहरुले संकलन गरी ल्याएको विवरणलाई आधारको रुपमा लिइनेछ,

(ग) गाउँपालिकाले क्षेत्र विभाजन गरी त्यस क्षेत्रमा पर्ने जग्गाको मूल्यांकन समितिले कायम गरेको न्यूनतम् मूल्यांकनलाई आधारको रुपमा लिइनेछ,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(घ) मूल्यांकन समितीले जग्गाको मूल्यांकन गर्दा खण्ड (क), (ख) र (ग) बमोजिमको आधारहरुको अतिरिक्त करदाताको कर तिर्न सक्ने क्षमतालाई समेत मध्यनजर गरी अन्य उपयुक्त विधि वा आधारमा जग्गाको मूल्यांकन गर्न सक्नेछ ।

ङ) कसैले आफूले दाखिला गरेको जग्गाको वजार भाउमा फरक आएको कारणले आफ्नो सम्पत्तिको मूल्यांकनमा संसोधन गर्न चाहेमा निवेदन दिई संसोधन गर्न सक्नेछ यस अवस्थामा गाउँपालिकालाई मनासिब लागेमा दाखिला गरेको विवरणमा प्रतिवर्ष प्रचलित बजार भाउ भन्दा माथि नहुने गरी गाउँपालिकाले पुनः मूल्यांकन गरी दिन सक्नेछ । तर, यस्तो संसोधित मूल्यांकन कायम गर्दा चालू आर्थिक वर्षको कर तिर्नु भन्दा पहिले गरिनेछ । चालु आ.व.को कर तिरी सकेको रहेछ भने आगामी आ.व.मा मात्र संसोधन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्तिको मूल्यांकन गर्दा मूल्यांकन समितिको

आधारमा गाउँपालिकाले तोकेको दर भन्दा घटाएर मूल्यांकन गरिने छैन ।

(३) कर दाता स्वयंले एक पटक मूल्यांकन वृद्धि गराएपछि सोही व्यक्तिको सोही सम्पत्तिको मूल्यांकन घटाउने गरी मूल्यांकन गरिने छैन ।

४६. **सम्पत्ति कर प्रयोजनका लागि संरचनाको मूल्यांकन**: (१) संरचनाको मूल्यांकन गर्दा मूल्यांकन समितिले यस ऐन बमोजिम निर्धारण गरेको संरचनाको वर्गिकरण र मूल्यांकन दरको आधारमा मूल्यांकन गर्नु पर्नेछ ।

(२) मूल्यांकन समितिले संरचनाको वजार भाउ अनुसार मूल्यांकन दर निर्धारण गर्दा संरचनाको बनौट, संरचना रहेको स्थान, संरचनाको प्रयोग र संरचनाबाट हुने लाभलाई आधारको रुपमा लिई मूल्यांकन गर्नु पर्नेछ ।

(३) सम्पत्तिको मूल्यांकन प्रयोजनको लागि ह्रासकट्टी गर्दा संरचनाको प्रकार र आयुको आधारमा यस ऐनमा गरिएको व्यवस्था बमोजिमको दरमा ह्रासकट्टी गरिनेछ ।

(४) सम्पत्ति थप घट नभए सम्म मूल्यांकन एकै पटक गरिनेछ ।

(५) संरचनाको मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४७. **<u>सम्पत्तिको मूल्यांकन विधिः</u>** (१) गाउँपालिका क्षेत्रभित्र कुनै एक व्यक्तिका नाममा विभिन्न स्थानमा रहेका सम्पत्तिहरूलाई अलग अलग मूल्यांकन गरी एकीकृत गरिनेछ ।

(२) सम्पत्ति कर प्रयोजनका लागि गाउँपालिकाले गरेको मूल्यांकन तीन वर्षसम्म कायम रहनेछ ।

(३) करदाता वा सम्पत्ति धनीले पहिलोपटक पेश गरेको सम्पत्ति विवरण थपघट भएमा वा करदाताको सम्पत्तिको मूल्यांकन दर संशोधन भएमा त्यस्तो सम्पत्तिको पुनः मूल्यांकन गरिनेछ ।

(४) दफा ३८ को उपदफा (४) बमोजिम विवरण प्राप्त सम्पत्तिको मूल्याङ्कन गर्दा संरचनाको मात्र मूल्याङ्कन गरी सम्पत्ति कर असुल गरिनेछ ।

(५) एउटै जग्गा धनिको नाममा रहेका सिमाना जोडिएका कित्ताहरुको मूल्यांकन गर्दा त्यस्तो जग्गाहरूमध्ये कुनै कित्ताले सडक छोएको रहेछ भने सम्पूर्ण जग्गालाई एउटै प्लट मानी मूल्यांकन गरीनेछ ।

तर, सडकले छोएको जग्गाको हद तोकिएको अवस्थामा सो हद भन्दा पछाडिको जग्गालाई सडकले छोएको कायम गरिने छैन ।

(६) गाउँपालिकाले संरचनाको मूल्यांकन गर्दा सिनेमा हल, ठूला उद्योग, कलकारखाना जस्ता संरचनाहरूको स्थलगत रुपमा नै नापजाँच गरी मूल्यांकन गर्न सक्नेछ ।

४८. **करदाताको सम्पत्तिको मूल्यांकन** : (१) प्रत्येक करदाताको सम्पत्तिको मूल्यांकन तोकिए बमोजिमको मूल्यांकन फारामको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सम्बन्धित शाखाको कर्मचारीले गर्नेछन् ।

तर, प्रमाणिक सफ्टवयर प्रयोग गरी सम्पत्तिको मूल्यांकन गर्न यसले वाधा पुर्याएको मानिने छैन ।

(२) जग्गाको मूल्यांकन गर्दा सामान्यतः करदाता स्वयंले पेश गरेको मूल्यांकन दरका आधारमा गरिनेछ ।

तर, करदाताले पेश गरेको मूल्यांकनको दर सभाले तोकेको न्यूनतम् दरभन्दा कम भएमा सभाले तोकेको न्यूनतम् मूल्यांकन दर अनुसार मूल्यांकन गरिनेछ ।

(३) करदाताले दाखिला गरेको मूल्यांकन दरमा सामान्यतया एक वर्षसम्म कुनै पनि संशोधन गरिने छैन ।

तर, करदाताले आफ्नो सम्पत्तिको मूल्यांकनमा मनासिब कारण सहित संशोधन गर्न माग गरेमा निजको निवेदनका आधारमा निजले पेश गरेको कारण मनासिब ठहर भएमा गाउँपालिकाले वर्षमा एकपटकसम्म मूल्यांकन दर संशोधन गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्यांकन दर संशोधन गर्दा सभाले स्वीकृत गरेको न्यूनतम् मूल्यांकन हद भन्दा कम हुने गरी संशोधन गर्न पाईने छैन ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(५) संरचनाको मूल्यांकन प्रयोजनका लागि ह्रास कट्टी गर्दा तोकिए बमोजिमको दररेट अनुसार एक वर्षका लागि एकैपटक गरिनेछ ।

(६) उपदफा (५) बमोजिम ह्रास कट्टी गर्दा संरचनाको दश प्रतिशत मूल्यलाई शेष मूल्य कायम राखि नब्बे प्रतिशतसम्म मात्र ह्रासकट्टी गरिनेछ ।

४९. **बिल पठाउन सक्ने** : (१) सम्पत्ति करका लागि कायम गरिएको कर योग्य सम्पत्तिको मूल्याङ्कन र सो बमोजिम लागेको सम्पत्ति कर भुक्तानीको लागि गाउँपालिकाले सम्बन्धित करदाता समक्ष मंसिर महिनाभित्र बिल पठाउने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त बिलको अनुसार बुझाउनु पर्ने कर सम्बन्धित करदाताले सोही आर्थिक वर्षभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गाउँपालिकाले पठाएको बिल प्राप्त भएको मितिले ३० (तीस) दिनभित्र कर दाखिला गर्ने करदातालाई गाउँपालिकाले निजले बुझाउनु पर्ने कर रकममा दश प्रतिशत छुट दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको बिल पठाउने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

५०. **उद्योग, व्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन विधिः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै एक व्यक्ति, सामुहिक वा संस्थाका नाममा विभिन्न स्थानमा रहेका उद्योग, व्यापार, व्यवसाय तथा सेवाहरूलाई अलग अलग मूल्यांकन गरी एकीकृत गरिनेछ ।

(२) संयुक्त लगानी वा संस्थागत लगानीमा रहेका उद्योग, व्यापार, व्यवसाय तथा सेवाहरूलाई एक व्यक्ति सरह मानी सोही बमोजिम करदाता कायम गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको संयुक्त वा संस्थागत स्वामित्वको सम्पत्ति सोही व्यक्तिको अन्य व्यक्तिगत सम्पत्तिमा जोडिने छैन ।

(४) उद्योग, व्यापार, व्यवसाय तथा सेवाहरू संग सम्बन्धित कर प्रयोजनका लागि गाउँपालिकाले गरेको मूल्यांकन तथा निर्धारण गरेको कर तथा राजश्वको दर सोही आर्थिक वर्षसम्म मात्र कायम रहनेछ ।

(५) करदाताले पहिलोपटक पेश गरेको विवरण थपघट भएमा वा करदाताको मूल्यांकन दर संशोधन भएमा त्यस्तो विवरणको पुनः मूल्यांकन गरिनेछ ।

(५) प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेका दिन करदाताका नाममा कायम रहेको उद्योग, व्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन गरी सोही आधारमा कर असुल गरिनेछ ।

५१. **<u>करदाताको उद्योग, व्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन</u>** : (१) प्रत्येक करदाताको उद्योग, व्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन तोकिए बमोजिमको मूल्यांकन फारामको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सम्बन्धित शाखाको कर्मचारीले गर्नेछन् ।

तर, प्रमाणिक सफ्टवेयर प्रयोग गरी उद्योग, व्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन गर्न यसले वाधा पुर्याएको मानिने छैन ।

(२) उद्योग, व्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन गर्दा सामान्यतः करदाता स्वयंले पेश गरेको विवरणका आधारमा गरिनेछ ।

तर, करदाताले पेश गरेको विवरण वास्तविक विवरण भन्दा फरक परेमा कर तथा राजश्व परामर्श समितिले गरेको सिफारिसका आधारमा कर तथा राजश्व निर्धारण गरिनेछ ।

(३) करदाताले दाखिला गरेको विवरण तथा मुल्याङ्कन दरमा सामान्यतया १ वर्षसम्म कुनै पनि संशोधन गरिने छैन ।

तर, करदाताले आफ्नो विवरण संशोधन गर्न चाहेमा निजको निवेदनका आधारमा कारण मनासिब भएमा गाउँपालिकाले संशोधन गरिदिन सक्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(४) उपदफा (३) बमोजिम विवरण संशोधन गर्दा सभाले स्वीकृत गरेको न्यूनतम् दर रेट भन्दा कम हुने गरी संशोधन गर्न पाईने छैन ।

(५) उद्योग, व्यापार, व्यवसाय तथा सेवासंग सम्बन्धित करको दर र वार्षिक व्यवसाय वा सेवा सञ्चालन गरे बापत लाग्ने कर तथा राजश्वको दर उद्योग, व्यापार, व्यवसाय तथा सेवाको तोकिए बमोजिम वर्गीकरणका आधारमा गाउँसभाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद — ७

## कर परीक्षण र निर्धारण  सम्बन्धी व्यवस्था

५२. **कर परीक्षण र कर निर्धारण**ः (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा विवरण पेश गरेकोमा त्यस्तो विवरण संकास्पद देखिएको अवस्थामा कर अधिकृतले कर परीक्षण गरी कर निर्धारण गरिनेछ ।

(क) गलत वा झुठा कागजात/विवरण संलग्न गरेको देखिएमा,

(ख) यथार्थ विवरण पेश नगरेको विश्वास गर्नुपर्ने कारण भएमा,

(ग) कारोबारको आधारमा करको दायित्व कम हुने गरी विवरण पेश गरेकोमा,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(घ) करको दर फरक देखिएमा,

(ङ) खातापाना, हरहिसाब वा अभिलेख दुरुस्त नदेखाएमा,

(च) कानून बमोजिम कर छुट हुन नसक्ने अवस्था रहेको भए तापनि सो को दावी गरेमा,

(छ) तोकिए बमोजिमको अन्य अवस्थामा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न सात दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त गर्ने करदाताले तोकिएको म्याद भित्र सो को कारण सहित आफ्नो स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

(४) करदाताले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र स्पष्टीकरण पेश गर्न इन्कार गरेमा वा स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर अधिकृतले कर निर्धारण गर्नुपर्नेछ ।

(५) विवरणको स्वयम् घोषणा गरी कार्यालयमा बुझाएको करदाताको विवरणमा त्यसरी विवरण बुझाएको मितिले तीन वर्षभित्र विवरणमा फरक रहेको भनि कुनै उजुर परेमा वा त्यसको जानकारी हुन आई पुनः कर निर्धारण

गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाइको मौका दिई कर अधिकृतले त्यस्तो करदाताको पुनः कर निर्धारण गर्न सक्ने छ ।

५३. **कर निर्धारणको सूचना**ः (१) यस ऐन बमोजिम कर अधिकृतले कर निर्धारण गरेकोमा त्यस्तो कर बुझाउनु पर्ने समय, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) यस ऐन बमोजिम करदाता दर्ता गर्दा प्राप्त सूचना वा उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमा भित्र कर भुक्तान गर्नु पर्ने छ ।

(३) उपधारा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएको करदाताले त्यसको भौचर कार्यालयमा बुझाउनु पर्नेछ ।

५४. **कर तथा राजश्वको बिलिङ सम्बन्धी व्यवस्थाः** (१) सम्पत्तिको मूल्यांकन तथा कर निर्धारण भइसकेपछि तोकिए बमोजिमको ढाँचामा सम्पत्ति कर, व्यवसाय कर लगायत अन्य सबै कर तथा राजश्वका बिजक तयार गरी करदातालाई उपलब्ध गराउनु पर्दछ ।

(२) करदाताको घर ठेगानामा पठाएको बिल सम्बन्धित कर दाता नभेट्टाई निजको परिवारका कुनै सदस्य

वा भाडामा बस्ने मानिस, जग्गा जिम्मा लिएको मानिसले बुझेमा पनि कर दाता स्वयंले बिल प्रात गरेको मानिने छ ।

(३) गाउँपालिकाबाट कर निर्धारण सम्बन्धी सूचना प्राप्त गर्नु सम्पूर्ण करदाताहरुको कर्तव्य हुनेछ ।

(४) कर तथा राजश्व बिजकको पहिलो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराई दोस्रो प्रति सम्बन्धित करदाताको फाइलमा राख्नु पर्नेछ ।

(५) कर तथा राजश्वको बिजक गाउँपालिकाले सम्बन्धित करदाता वा सरोकारवालालाई पत्राचार, इमेल, एसएमएस आदिको माध्यमबाट जानकारी दिन सक्नेछ ।

(६) कर तथा राजश्वको बिजक करदाता वा सम्बन्धित सरोकारवालालाई बुझाउन गाउँपालिकाले आपसी सम्झौताका आधारमा सम्बन्धित सरोकारवालाको गोपनीयता कायम रहने गरी कुनै सामुदायिक संघसंस्था, टोल विकास संस्था वा निजी क्षेत्रलाई परिचालन गर्न सक्नेछ ।

(७) गाउँपालिकाबाट कर तथा राजश्वको बिजक तयार भई नसकेको अवस्थामा करदाताले कर बुझाउन चाहेमा तत्कालै बिजक तयार गरी असुल गर्नु पर्नेछ ।

(८) गाउँपालिका क्षेत्र भित्र जग्गा र संरचना भएका सम्पूर्ण सम्पत्ति धनीले प्रत्येक आर्थिक वर्षमा कर निर्धारण गराई कर रकम भूक्तानी गरिसक्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(९) गाउँपालिकाले जारी गरेको बिजक उपर कसैलाई चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी दिन सक्नेछन् ।

(१०) उपदफा (९) बमोजिम पर्न आएको निवेदन प्रमुखले कर तथा राजश्व परामर्श समिति मार्फत जाँचबुझ गर्न लगाई प्रतिवेदन माग गरी निर्णयका लागि एक महिना भित्र कार्यपालिकामा पेश गर्न लगाउनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम भई पेश हुन आएकोमा पेश भएको प्रतिवेदन वा रायका आधारमा कार्यपालिकाले बढिमा १५ (पन्ध्र) दिन भित्र आवश्यक निर्णय गरी सम्बन्धित पक्षलाई जानकारी दिईसक्नु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम कार्यपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(१३) कर तथा राजश्वको बिलिङ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद — ८

## कर तथा गैर कर राजश्वको दर सम्बन्धी व्यवस्था

५५. **कर तथा गैर कर राजश्वको दर** : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम गाउँपालिकाले गाउँ क्षेत्रभित्र लगाउन र उठाउन सक्ने सम्पत्ति कर, घर बहाल कर,

सवारी साधन कर, विज्ञापन कर, व्यवसाय कर, मनोरञ्जन कर लगायतका संपूर्ण उद्योग, व्यापार, व्यवसाय तथा सेवासँग सम्बन्धित कर, शुल्क र दस्तुर लगायतका अन्य कर तथा गैर कर राजश्वको र न्यूनतम् तथा अधिकतम् दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(२) गरपालिकाले गाउँ क्षेत्रभित्र लगाउन सक्ने सम्पत्ति कर लगायत अन्य कर तथा गैर कर राजश्व प्रयोजनका लागि प्रत्येक वडाका बासिन्दाको सम्पत्ति तथा अन्य विवरण छुट्टाछुट्टै रुपमा तोकिए बमोजिमको फारममा संकलन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर लगाउने प्रयोजनको लागि गाउँपालिकाले गाउँ क्षेत्रभित्र आवश्यकतानुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका बासिन्दाको सम्पत्ति तथा कर तथा गैर कर राजश्वको विवरण छुट्टाछुट्टै लगत तोकिए बमोजिम तयार गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कर तथा राजश्व दर लागू गर्दा आर्थिक वर्षको शुरु महिनाको शुरु दिन बाहेक अघि वा पछि हुने गरी लगाइने छैन ।

(५) सम्पत्ति करको हकमा सम्पत्तिको मूल्याङ्कनका आधारमा र उद्योग, व्यापार, व्यवसाय र सेवा लगायतका अन्य कर तथा राजश्वको हकमा तोकिए बमोजिमको वर्गीकरणको आधारमा करको डर कायम गरिनेछ ।

(६) कर तथा गैर कर राजश्वको दर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. **<u>कर तथा राजश्व, दस्तुर तथा सेवा शुल्कको दररेट निर्धारण</u>** : (१) दफा ५५ को उपदफा (१) बमोजिम करको स्लायव तथा दर रेट निर्धारण गर्दा यो ऐन र राजश्व परामर्श समितिको सिफारिस तथा अध्ययन प्रतिवेदनलाई मुख्य आधार मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञ व्यक्ति, समूह तथा संघ संस्थले दिएका सुझावलाइ आवश्यकताका आधारमा ग्रहण गर्न बाधा पुर्याएको मानिने छैन ।

(३) गाउँपालिका आफूले उपलब्ध गराउने फोहोरमैला व्यवस्थापन, सरसफाई, सडकबत्ती, ढल निकास जस्ता सेवासुविधा उपलब्ध गराए बापत सम्पत्ति कर तथा अन्य कर तथा राजश्वको निश्चित प्रतिशत थप शुल्क वा दस्तुर लिने गरी कर निर्धारण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम थप सेवासुविधाको निम्ति लगाइएको थप शुल्क वा दस्तुरबापत उठेको रकमको अलग अलग हिसाब राखी सम्बन्धित सेवासुविधाका लागि मात्र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) फोहोरमैला व्यवस्थापन, सरसफाइ, सडकबत्ती, ढल निकास जस्ता सेवासुविधा उपलब्ध गराएबापत अन्य



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

कुनै तरिकाबाट वा अन्य कुनै निकायले पुनः शुल्क वा दस्तुर लिन पाउने छैन ।

(६) कर तथा राजश्व, दस्तुर तथा सेवा शुल्कको दररेट निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५७. **<u>करको दर प्रकाशन</u>** : (१) परिच्छेद छ बमोजिम गाउँपालिकाबाट निर्धारित मूल्याङ्कन र त्यसमा लाग्ने दफा ५५ बमोजिम निर्धारित करको दर सर्वसाधारणको जानकारीका लागि तोकिए बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित मूल्याङ्कन र करको दर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र पुनः मूल्याङ्कन लागि कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर कार्यपालिकाले एक महिनाभित्र पुनः मूल्याङ्कनको कारबाही गरी टुङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद — ९

## <u>कर असुली, दाखिला, छुट र समायोजन सम्बन्धी व्यवस्था</u>



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

५८. **<u>कर संकलन सम्बन्धी व्यवस्था</u>**: (१) यस ऐन बमोजिम असुल गर्नु पर्ने कर, शुल्क तथा दस्तुर देहाय बमोजिम हुने गरी संकलन गरिनेछ;-

(क) सालबसाली तिर्नु बुझाउनु पर्ने कर सम्बन्धित आर्थिक वर्षभित्र संकलन गरिनेछ,

(ख) सेवा प्रवाहका आधारमा संकलन गरिने कर सेवा प्रवाह गर्दाका आवस्थामा संकलन गरिनेछ,

(ग) सेवा प्रवाह गर्दा लिने शुल्क तथा दस्तुर सेवा प्रवाह गर्दाका बखत संकलन गरिनेछ,

(घ) अन्य कर तथा गैर कर राजश्व तोकिए बमोजिम संकलन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिमा आकार भुक्तानी नगरेको कारण त्यस्तो करमा लागेको जरिवाना, व्याज र शुल्क बापतको रकम देहाय अनुसार हुने गरी संकलन गर्न सकिनेछ;-

(क) करदाताले कर तिर्न आएका बखत सम्पूर्ण बक्यौता रकम र सो मा लागेको जरिवाना, व्याज र शुल्कको रकम,

(ख) कर चुक्ता गर्न नआएमा निश्चित अवधिमा कर तिर्न आउने सूचना जारी गरी कर तिर्न आएका बखत खण्ड (क) बमोजिम,

(ग) गाउँपालिकाबाट प्रवाह हुने सेवा रोक्का गरेर,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गर्दा पनि कर चुक्ता नगरेमा त्यस्तो करदाताको कारोबर रोक्का गरेर,

(ङ) करदाताले गाउँपालिका वा सरकारी स्वामित्वका संस्थाबाट पाउने रकमबाट कट्टा गरेर,

(च) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

(छ) करदाताको बैंक वा वित्तीय संस्था रहेको रकमबाट कट्टा गर्न लगाएर,

(ज) करदाताको चल वा अचल सम्पत्ति माथि कब्जा गरेर ,

(झ) करदाताको सम्पत्ति तोकिए बमोजिम लिलाम बिक्रि गरेर ।

(३) उपदफा (२) को खण्ड (झ) बमोजिम लिलामीको कारबाही शुरु भएपछि लिलामीको कारबाही

समाप्त हुन पूर्व कर दाखिला गर्न ल्याएमा त्यस्तो कारबाही गर्दा लागेको खर्च र सो को पाँच प्रतिशत हुने थप जरिवाना समेत असुल गरिनेछ ।

(४) लिलाम बिक्रीबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने रकम भन्दा बढी भएमा त्यस्तो बढी भएको रकम सम्बन्धित करदातालाई तीस दिनभित्र फिर्ता दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम रकम फर्ता गर्दा करदाताले उपलब्ध गराएको निजको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

(६) कर संकलन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५९. **कर तथा गैर कर राजश्व असूली प्रकृयाः** (१) यस ऐन बमोजिम निर्धारण भएको सम्पत्ति, कर, राजश्वको विवरण सहित भुक्तानीको लागि गाउँपालिकाले सम्बन्धित करदाता समक्ष मंसिर महिनाभित्र बिजक पठाइ सक्नु पर्नेछ ।

(२) घर बहाल कर, सवारी साधन कर, घर नक्सा पास दस्तुर, सेवाशुल्क तथा दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, मनोरञ्जन कर लगायतका अन्य कर तथा गैर राजश्वको सम्बन्धमा आर्थिक वर्ष प्रारम्भ भएको मितिले ३५ दिन भित्र स्थानीय राजपत्रमा सूचाना प्रकाशन गरी जनाकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम राजपत्रमा प्रकाशन भएको सूचना राजपत्रमा प्रकाशन भएको मितिले सात दिनभित्र गाउँपालिकाको वेबसाइटमा प्रकाशन गरी सरोकारवाला लाई सार्वजनिक सूचना मार्फत वा अन्य सूचना तथा सञ्चारका श्रोत मार्फत जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त बिल अनुसारको बुझाउनु पर्ने कर तथा राजश्व साथै उपदफा (२) बमोजिमको कर तथा राजश्व सम्बन्धित करदाताले सोही आर्थिक वर्षभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(५) यस ऐनामा तोकिएको समय सीमा भित्र कर तथा राजश्व नबुझाउनेको हकमा गाउँपालिकाले तोके बमोजिमको जरिवाना लाग्ने छ ।

(६) लगातार तीन वर्ष सम्म कर तथा राजश्व नबुझाउने करदाताको हकमा गाउँपालिकाले त्यस्ता करदाताको सूची सार्वजनिक गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम सूची प्रकाशन गर्दा पनि कर नतिरेमा गाउँपालिका बाट प्रवाह हुने सेवा सुविधा रोक्का गरी दफा ५८ बमोजिम असुलीको कारबाही अघि बढाइनेछ ।

६०. **<u>कर तथा गैर कर राजश्व असुली</u>** : (१) गाउँपालिकाले सबै प्रकारका कर तथा राजश्व संकलनकोकार्य आर्थिक प्रशासन शाखा बाट गर्नेछ ।

(२) कर तथा राजश्व सम्बन्धी सम्पूर्ण अभिलेखहरू उक्त शाखा प्रमुख वा प्रमुखले तोकेको शाखाको जिम्मेवार कर्मचारीको जिम्मामा रहनेछ ।

(३) सम्पत्ति कर तथा अन्य कर तथा राजश्वको संकलन तोकिए बमोजिम अनलाइन बिलिङ प्रणाली/नगदी रसिदबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिमको रसिदको पहिलो प्रति सम्बन्धित करदाताको फाइलमा राखी दोस्रो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराउनु पर्नेछ ।

(५) सम्पत्ति कर र अन्य कर तथा राजश्वको दैनिक असुली विवरण तोकिए बमोजिमको ढाँचामा तयार गरी सोही दिन वा सोही दिन सम्भव नभएमा सोको भोलिपल्ट बैंक दाखिला गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बैंक दाखिला गरिएको बैंक भौचर र विवरण आर्थिक प्रशासन शाखामा बुझाउनु सम्बन्धित शाखा तथा उपशाखा प्रमुखको कर्तव्य हुनेछ ।

(७) यस ऐन र प्रचलित कानून बमोजिम सम्पत्ति कर नलाग्ने भनी तोकिएका वा गाउँपालिकाको गाउँ सभाले कर तथा राजश्व नलाग्ने भनी तोकिएका सम्पत्ति तथा विषय वस्तुको हकमा गाउँपालिकाले सम्पत्ति कर तथा राजश्वको मूल्यांकन गरी कर नलाग्ने व्यहोरा जनाई नगदी रसिद उपलब्ध गराउनु पर्नेछ ।

तर, दफा ५६ को उपदफा (३) बमोजिम लगाईएको सेवाशुल्क तथा दस्तुर बुझाउनु सम्बन्धित सेवाग्राहीको कर्तव्य हुनेछ ।

(८) करदाताहरूले गाउँपालिकामा आफ्नो सम्पत्ति, उद्योग, व्यापार, व्यवसाय, सेवा लगायतका कर तथा राजश्व सँग सम्बन्धित विवरण दाखिला नगरेको वा गाउँपालिकाले तत्कालका लागि त्यस्तो सम्पत्ति, उद्योग, व्यापार, व्यवसाय, सेवा लगायतको पहिचान गर्न नसकेका कारणले कुनै करदाता कर तिर्ने दायित्वबाट मुक्त हुने छैनन् ।

(९) गाउँपालिकाले प्राविधिक लगायतका कारणले आर्थिक वर्षको श्रावण १ गतेबाट कर तथा राजश्व बुझिलिन नसक्ने अवस्था उत्पन्न भई केही दिन ढिला हुन गएमा निश्चित अवधिसम्मका लागि यस प्रकारका कर तथा राजश्व धरौटी स्वरुप लिई सम्बन्धित सरोकारवाला वा कर दातालाई फुकुवापत्र दिन सकिनेछ ।

(१०) करदाताले अग्रिम रुपमा कर तथा राजश्व बुझाउन चाहेमा गाउँपालिकाले लाग्ने कर तथा राजश्वको अनुमान गरी अग्रिम रुपमा रकम बुझ्न सक्नेछ । गाउँपालिकाले यसरी बुझेको रकमलाई धरौटीको रुपमा राखी प्रत्येक वर्ष कर रकममा मिलान गर्नेछ ।

(११) करदाताले बक्यौता रकम मध्ये केही रकम बुझाउन चाहेमा गाउँपालिकाले अघिल्ला वर्षहरूको क्रमशः

रकम बुझिलिन सक्नेछ । तर यसरी बक्यौता असुल गर्दा अघिल्लो वर्षको बाँकी राखी चालु आर्थिक वर्षको कर रकम बुझ्न पाइने छैन । बुझेको पाईएमा गाउँपालिकालाई भएको नोक्सानी सम्बन्धित कर्मचारीबाट असुल उपर गरिनेछ ।

(१२) यस ऐन र प्रचलित कानून बमोजिम सम्पत्ति कर नलाग्ने भनी तोकिएको सम्पत्तिमा प्रचलित कानून बमोजिम सम्पत्ति कर लाग्ने कुनै व्यक्ति, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो संरचनाको विवरण दाखिला गर्ने र सम्पत्ति कर/एकीकृत सम्पत्ति कर बुझाउने दायित्व सम्बन्धित निर्माण कर्ताको हुनेछ ।

(१३) गाउँपालिकाले घर दैलोबाट नै कर असुल गर्नको लागि आफ्ना कर्मचारी, अन्य संघसंस्था वा कुनै व्यक्तिलाई परिचालन गर्न सक्नेछ ।

(१४) एकीकृत सम्पत्तिको मूल्यांकनको आधारमा गाउँपालिकाले अन्य सेवा उपलब्ध गराए बापत करदाताहरुबाट सेवा शुल्क असुल गर्न सक्नेछ ।

(१५) गाउँपालिकाबाट बिल तयार नभएको अवस्थामा कसैले कर बुझाउन आएमा निजको कर निर्धारण गरी कर असुल उपर गर्न सकिनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(१६) गाउँपालिका क्षेत्र भित्र रहेका सम्पत्ति कर लाग्ने सम्पूर्ण जग्गा तथा घर धनीहरुले गाउँपालिकालाई कर बुझाउनु पर्ने दायित्व हुनेछ ।

(१७) यस दफा बमोजिम दाखिला गर्नु पर्ने घर बहाल कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(१८) कर तथा गैर कर राजश्व असुली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६१. **<u>कर दाखिला गर्नुपर्ने</u>** : (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर यस ऐनमा भुक्तानीको मिति तोकिएकोमा सोही बमोजिमको मितिमा कर दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी कर भुक्तानी गर्नु पर्ने मिति नतोकिएकोमा प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र कर दाखिला गर्नु पर्नेछ ।

(३) मासिक रुपमा भुक्तानी गर्नु पर्ने कर र अग्रिम कर कट्टी गरिएको कर रकम त्यसरी भुक्तानी गर्नु पर्ने वा अग्रिम कर कट्टी गरिएको महिना पछिको महिनाको २५ गते भित्र कर दाखिला गर्नुपनेछ ।

(४) सम्पत्ति कर तथा अन्य कर तथा गैर कर राजश्व चुक्ता भईसकेको कुनै सम्पत्ति वा व्यवसायमा सोही आर्थिक वर्षमा पुनः कर लाग्ने छैन ।

(५) कर दाखिला सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. **किस्ताबन्दीमा कर दाखिला गर्न दिन सकिने** : (१) खास करदातालाई विशेष परिस्थितिमा कर तिर्न नसक्ने कारण भई सोको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा मनासिब देखिएमा सोही व्यहोराको पर्चा खडा गरी बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम किस्ताबन्दीमा कर बुझाउन तोकिएको समयमा कर नबुझाई ढिला गरी कर बुझाएमा सो बापत यस ऐन बमोजिम लाग्ने ब्याज मिनाहा हुने छैन ।

६३. **कर दाखिलाको निस्सा दिनु पर्ने** : करदाताले यस ऐन बमोजिम बुझाउन पर्ने कर वा गैर कर राजश्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

६४. **कर चुक्ता नभए सम्म सेवा रोक्न सक्ने** : (१) यस ऐन बमोजिम कर तथा गैर कर राजश्व बुझाउनु पर्ने दायित्व भएको करदाताले आफूले तिर्नु वा बुझाउनु पर्ने कर तथा गैर कर राजश्व चुक्ता गरी सो को विवरण पेश नगरेसम्म

गाउँपालिकाबाट प्रवाह गरिने कुनै पनि सेवा उपलब्ध गराइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कर चुक्ता नगरेको कारणले गाउँपालिकाबाट सेवा तथा सुविधा रोक्का भएमा निजले पछि कर चुक्ता गर्ने गरी करको अधिकतम् हद भन्दा बढी रकम कर धरौटीको रुपमा कर लिई त्यस्तो व्यक्तिलाई एक पटकलाई सेवा तथा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको धरौटी रकम तीन महिना भित्र आफूले तिर्नु पर्ने कर रकमसँग समायोजन गरी कर चुक्ता गरी सक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नगरेमा त्यस्तो धरौटी सदर स्याहा गरी कर रकम नपुग भएमा यसै ऐन बमोजिम लाग्ने जरिवाना सहित असुल उपर गरिनेछ ।

६५. **<u>ठेक्का तथा सेवा करारबाट कर असुली</u>**: (१) सामान्यतया यस ऐन र प्रचलित कानून बमोजिम गाउँपालिकाले लगाउने र उठाउन सक्ने सबै प्रकारका कर तथा गैर कर राजश्व लगायत सेवा शुल्क र दस्तुर समेत गाउँपालिका आफैले सङ्कलन गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति कर, व्यवसाय कर तथा सेवा प्रवाहका बखत

संकलन गरिने सेवा बाहेकका अन्य कर तथा गैर कर राजश्व विशेष कारणले गाउँपालिका स्वयमले सङ्कलन गर्न नसक्ने अवस्था रहेमा कार्यपालिकाको निर्णय बमोजिम ठेक्का बन्दोबस्ती गरी संकलन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ठेक्का बन्दोबस्ती गर्दा कर रकम असुलीको सुरक्षणको पर्याप्त व्यवस्था गरी दर्तावाला संघ संगठन वा उपयुक्त व्यक्तिलाई कर तथा गैर कर राजश्व रकम संकलनका लागि करार वा ठेक्कामा दिन सक्नेछ ।

(४) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु पर्ने दायित्व भित्र रहेका पोखरी, पार्क, चरन क्षेत्र, वनजंगल, खोला नाला, सिमसार, खुला क्षेत्र लगायतको संरक्षण सम्बर्द्धन गरी आय आर्जन गर्न पशुपन्छी पालन, माछा पालन, कृषि उत्पादन, थोक तथा खुद्रा व्यापार व्यवसाय सञ्चालन लगायतका गाउँ कार्यपालिकाले उपयुक्त ठानेका कार्यका लागि करार सम्झौता गरी निश्चित अवधिका लागि ठेक्कामा दिन सक्नेछ ।

(५) स्थानीय स्तरमा सञ्चालन हुने दैनिक तथा साप्ताहिक हाट बजार कर, सवारी पार्किङ शुल्क, सवारीकर, सरसफाइ शुल्क संकलन, सार्वजनिक शौचालय, गाउँपालिकाको स्वामित्व तथा संरक्षणमा रहेका घर, भवन,

गोदाम तथा सेड, यन्त्र उपकरण समेत करार संझौता गरी निश्चित अवधिका लागि ठेक्का वा बहालमा दिन सक्नेछ ।

(६) उपदफा (२), (३), (४) र (५) बमोजिमको सेवा करार वा ठेक्काका लागि वार्षिक वा मासिक न्यूनतम् ठेक्का अङ्क तोकि सार्वजनिक सूचना मार्फत बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(७) उपदफा (३) बमोजिमको प्रत्येक विषयगत शीर्षकको न्यूनतम् ठेक्का अङ्क गाउँ सभाबाट पारित सम्बन्धित शीर्षक अन्तर्गत वार्षिक आय अनुमानलाई आधार मानी राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाले निर्धारण गर्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट शीर्षकमा नपरेका वा छुट भएका कुनै विषय र शीर्षकको हकमा कार्यपालिकाले चालु आर्थिक वर्षका लागि न्यूनतम् अङ्क रकम निर्धारण गर्न सक्नेछ ।

(९) ठेक्का तथा सेवा करारबाट कर असुली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६६. <u>**गाउँपालिकाको सम्पत्ति लिलाम वा बिक्री**</u>ः (१) गाउँपालिकाको स्वमित्वमा रहेको दफा ५ को खण्ड (ङ), (च), (ज) र (झ) बमोजिमको वस्तु वा सामग्री वा सम्पत्ति लगायत अन्य कुनै पनि स्थिर सम्पत्ति काम नलाग्ने भई वा

गाउँपालिकालाई आवश्यक नभई बिक्री वा लिलाम बिक्री गर्नु पर्ने भएमा त्यस्तो सम्पत्ति लिलाम बिक्री गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्नु पूर्व त्यस्तो सम्पत्ति पहिचान र उपयोग सम्बन्धमा संक्षिप्त अध्ययन गरी सो को प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन तयार गर्दा सम्बन्धित प्राविधिक बाट मूल्याङ्कन गरी न्यूनतम् मूल्य निर्धारण वा कायम गरी प्रतिवेदनसाथ संलग्न गरिएको हुनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन राजश्व परामर्श समितिमा पेश गरी राजश्व परामर्श समितले आफ्नो राय सहित आवश्यक निर्णयको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाले लिलाम बिक्री गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम भएको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्तिको लिलाम वा बिक्री गर्न सक्नेछ ।

(७) प्रमुख प्रशासकीय अधिकृतले यस दफा बमोजिम सम्पत्तिको लिलाम गर्दा बोलपत्र आह्वानसँग

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको पालना गर्नु गराउनु पर्नेछ ।

६७. **बोलपत्र आह्वान**: (१) दफा ६५ बमोजिमको बोलपत्र आह्वान गर्दा रूपैयाँ बीस लाखसम्मको ठेक्का वा करारको लागि कम्तिमा २१ (एक्काईस) दिनको म्याद दिई स्थानीय दैनिक पत्रीकामा र रूपैयाँ बीस लाख भन्दा माथिको हकमा कम्तीमा ३० (तीस) दिनको म्याद दिई कुनै नेपाली वा अंग्रेजी भाषाको राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद दिई बोलपत्र आह्वान गर्दा बोलपत्र नपरेमा वा आवश्यक संख्यामा बोलपत्र नआएमा दोस्रो पटक १५ (पन्ध्र) दिनको म्याद दिई पुनः सूचना प्रकाशित गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कुनै बोलपत्र नपरेमा वा आवश्यक संख्यामा बोलपत्र प्राप्त नभएमा राजश्व परामर्श समितिले सिलबन्दी दरभाउ पत्र वा वार्ताको माध्यमबाट उक्त कार्य गर्न गराउन सक्नेछ ।

(३) बोलपत्र सम्बन्धी व्यवस्था प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) तथा (२) बमोजिम प्रकाशित सूचनामा देहायका कुराहरू उल्लेख भएको हुनु पर्नेछ :—

(क) सम्पादन गर्नु पर्ने कार्यको छोटकरी विवरण, परिमाण र आवश्यक रहेमा गुणस्तर समेत,

(ख) बोलपत्र फाराम प्राप्त हुने तथा पेश गर्ने ठाउँ, मिति र समय,

(ग) बोलपत्र खोल्ने ठाउँ, मिति र समय,

(घ) गाउँपालिकाले बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने, नगर्ने वा कारण जनाई, नजनाई अस्वीकृत गर्न सक्ने अधिकार,

(ङ) बीडबण्ड, आयकर, मूल्य अभिवृद्धी कर दर्ता,

(च) बोलपत्र फारम खरिद मूल्य,

(छ) फर्म, कम्पनी दर्ता सम्बन्धी कागजात,

(ज) बोलपत्रदाताको योग्यता,

(झ) ठेक्काको हकमा न्यूनतम् ठेक्का अङ्क,

(ञ) मूल्य स्थिरता सम्बन्धी व्यवस्था,

(ट) भुक्तानी प्रक्रिया र भुक्तानी मुद्रा,

(ठ) कार्य सम्पादन गरिसक्नु पर्ने अवधि, स्थान र कार्यतालिका,

(ड) बिडबण्ड र परफरमेन्स बण्ड सम्बन्धी व्यवस्था,

(ढ) विशेष परिस्थिति सम्बन्धी शर्त,

(ण) विवाद समाधानका लागि मध्यस्थता सम्बन्धी व्यवस्था,

(त) अख्तियारी पत्र र अन्य सम्बन्धित कागजातहरू र सम्झौता पत्र सम्बन्धी व्यवस्था,

(थ) बोलपत्रदाताको प्राविधिक,आर्थिक, संगठनात्मक क्षमता, अनुभव आदिको आवश्यक विवरण,

(द) अन्य आवश्यक कागजात तथा विवरणहरु ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि पत्रिकामा सूचना प्रकाशन गर्दा संक्षिप्त सूचना मात्र प्रकाशित गरी अरु कुराहरू बोलपत्र फारामसाथ संलग्न शर्तमा खुलाउन सकिने छ ।

(६) बोलपत्र खोल्ने तरिका देहाय बमोजिम हुनेछ :—

(क) प्राप्त बोलपत्रहरू तोकिएको मिति र स्थानमा बोलपत्रदाता वा निजको प्रतिनिधि र गाउँपालिकाका सम्बन्धित शाखा तथा समितिका सदस्यहरुको उपस्थितिमा खोल्नु पर्नेछ,

(ख) खण्ड (क)मा जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्र खोल्ने मिति, समय र स्थानमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्नलाई बाधा पुग्ने छैन,

(ग) खण्ड (क) बमोजिम खोलिएको बोलपत्रका साथ पेश भएका प्रस्तावहरूको तुलनात्मक रुपमा अध्ययन गर्न राजश्व परामर्श समितिमा पेश गर्नु पर्नेछ,

(घ) खण्ड (ग) बमोजिम अध्ययन भई आएका प्राविधिक रूपमा योग्य ठहरिएका अधिकतम् मूल्य अंकित गर्ने बढिमा तीन वटा बोलपत्र राजश्व परामर्श समितिको सिफारिस सहित आवश्यक निर्णयका लागि गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ङ) बोलपत्र खोल्ने तर्क र कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) देहायको अवस्थामा प्राप्त कुनै पनि बोलपत्र स्वीकृत गरिने छैन :—

(क) तोकिएको वा जारी गरिएको ढाँचामा पेश नगरिएको,

(ख) बोलपत्रदाताले आफ्नो आधिकारिक छाप नलगाई पेश गरेको,

(ग) बोलपत्रदाताको हस्ताक्षर नभएको,

(घ) तोकिएको समयभित्र पेश नभएको,

(ङ) अपूरो बोलपत्र वा कागजात पेश गरिएको,

(च) बिडबण्ड (बोलपत्रमा अंकित रकमको कम्तीमा ५ प्रतिशत पेश गर्न भनिएकोमा सो पेश नगरिएको) ,

(छ) जथाभावी केरमेट गरी सोमा हस्ताक्षर नगरी पेश भएको,

(ज) सिलबन्दी नगरी पेश भएको,

(झ) गाउँपालिका बाट बिक्री भएको बोलपत्र फाराममा पेश नभएको,

(ञ) प्रत्येक आइटमको दररेट वा कुल ठेक्का रकम स्पष्ट रुपमा भरी पेश नगरेको,

(ट) संयुक्त उपक्रम (ज्वाइन्टभेन्चर) मा काम गर्ने ठेकेदारले संयुक्त लगानी सम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि पेश नगरेको ,

(ठ) बोलपत्र आह्वानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नगरी पेश गरिएको,

(ड) सूचना प्रकाशन गर्दाका बखत तोकिएका अन्य शर्तहरू पुरा नगरी पेश गरिएको ।

(८) रीत नपुगेका बोलपत्र तथा त्यस्ता बोलपत्रसाथ पेश गरिएको बिडबण्ड फिर्ता हुने छैन ।

(९) पेश भएको बोलपत्र स्वीकृत गर्ने नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने, पुनः बोलपत्र आह्वान गर्ने सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

(१०) बोलपत्रको ढाँचा तथा आवश्यक कागजात तोकिए बमोजिम हुनेछ ।

(११) गाउँपालिकाले निर्धारण गरेको न्यूनतम् रकम भन्दा कम अङ्कमा ठेक्कामा दिन गाउँपालिका बाध्य हुने छैन ।

(१२) बोलपत्र आव्हान सम्बन्धमा अन्य व्यवस्था खरिद सम्बन्धी प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

प्रचलित खरिद सम्बन्धी कानूनमा नतोकिएकोमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

६८. **परफरमेन्स बण्ड लिईने** : (१) सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको व्यवस्था अनुसारको परफरमेन्स बण्ड लिइनेछ ।

(२) सम्झौता अनुसारको कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि समाप्त भएपछि परफरमेन्स बण्ड फुकुवा गरिनेछ ।

६९. **सम्झौता** : (१) गाउँपालिका र बोलपत्रदाता बीच सम्पन्न सम्झौतामा कार्य सम्पादनका क्रममा हुने त्रुटीका सम्बन्धमा हुने जरिवाना (पेनाल्टी) लगायतका सबै शर्तहरू उल्लेख गर्नु पर्नेछ ।

(२) सम्झौतामा आयकर, भुक्तानी, कार्य सम्पादन गर्ने समय तथा म्याद थप र विशेष परिस्थिति तथा विवादको समाधान सम्बन्धी व्यवस्था लगायतका कुराहरू समेत उल्लेख गर्नुपर्नेछ ।

७०. **बिमा तथा अन्य व्यवस्था** : ठेक्का सम्झौता बमोजिमको कार्यको जोखिम न्यूनीकरणकालागि कम्तिमा ठेक्का अङ्क बराबरको बिमा गर्नु पर्ने दायित्व सम्बन्धित बोलपत्र दाताको हुनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

७१. **<u>दरभाउपत्र वा बोलपत्र माग गर्नु नपर्ने</u>** : संघ वा प्रदेश सरकार वा सरकारको स्वामित्व भएको निगम, कम्पनी वा संस्थाले गाउँपालिकाले ठेक्का वा भाडामा दिने भनि निर्धारण गरेका विषय तथा कार्यहरू गाउँपालिकाले निर्धारण गरेको दर रेट वा बिक्रि मूल्यमा नघट्ने गरी काम गर्ने लिखित ईच्छा जाहेर गरेमा दरभाउपत्र वा बोलपत्र माग गर्नु पर्ने छैन ।

**स्पष्टीकरणः** यस्ता निकायहरू एक भन्दा बढी भएमा गाउँपालिकाले निर्धारण गरेको मूल्य कम नहुने गरी सम्बन्धित पक्ष संग सिधै वार्ताद्वारा वा यस ऐन बमोजिमको प्रक्रिया पुरा गरी प्रतिस्पर्धात्मक तवरबाट कार्य गर्ने अनुमति दिन यो ऐनले बाधा पुर्याएको मानिने छैन ।

७२. **<u>कर, दस्तुर, शुल्क, महसुल आदि छुट</u>** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, वैदेशिक कुटनैतिक नियोग वा एजेन्सी तथा लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्थालाई गाउँपालिकाले सेवा उपलब्ध गराए बापत लाग्ने सेवा शुल्क बाहेक अन्यकर दस्तुर, शुल्क महसूल लगाउने छैन ।

तर त्यस्तो छुट नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान वा संघ संस्थाको व्यापारिक कारोबारलाई प्राप्त हुने छैन ।

(२) विदेशी ऋृण वा सहायताबाट सञ्चालित परियोजनाको लागि नेपाल सरकार वा कुनै विकास समितिले पैठारी गरेको माल सामानमा गाउँपालिकाले कुनै कर, दस्तुर, शुल्क, महसूल लगाउने छैन ।

(३) यस ऐन बमोजिम मासिक रूपमा बुझाउनु पर्ने बाहेकको वार्षिक रूपमा बुझाउनु पर्ने कर  कुनै करदाताले अग्रिम रूपमा ५ वर्षको कर एकमुष्ट बुझाउन चाहेमा त्यस बापत लाग्ने रकममा तोकिएको दरमा कर छुट दिइनेछ ।

(४) चालु आर्थिक वर्षको कर चालु आर्थिक  वर्षको असोज मसान्तभित्र बुझाउने करदातालाई त्यस्तो कर बापत लाग्ने रकममा तोकिएको दरमा कर छुट दिईनेछ ।

(५) करदाताले गाउँपालिकामा विवरण दाखिला नगरेको कारणले वा गाउँपालिकाले सम्पत्ति पहिचान गर्न नसकेको कारणले कुनै करदाता कर तिर्ने दायित्वबाट मुक्त हुन पाउने छैनन् ।

७३. **कर रकममा छुट दिन सकिने** : (१) गाउँपालिका क्षेत्रभित्रका सबै करदाताले प्रत्येक वर्षको सम्पत्ति कर लगायत आफ्नो दायित्व भित्र पर्ने कर तथा राजश्व सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्षमा बुझाउनुपर्ने सम्पत्ति कर, भूमि कर तथा अन्य कर तथा राजश्व सोही आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा लाग्ने कर रकममा १० प्रतिशत

र चैत्र मसान्त भित्र बुझाएमा ५ प्रतिसत छुट दिइनेछ । गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने विभिन्न उद्योग व्यवसायलाई औद्योगिक व्यवसाय ऐन २०७३ को दफा १५ बमोजिमको वर्गीकरणका आधारमा प्राथमिकता तोकि साथै दफा १७ बमोजिमको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग व्यवसायको हकमा गाउँ कार्यपालिकाले छुट्टै विधि र प्रकृयाको निर्धारण गरी दफा २७ बमोजिमको आधारमा कर तथा राजश्वमा छुट, सुविधा वा सहुलियतको व्यवस्था गर्न सक्नेछ ।

(३) यो ऐन बमोजिम निर्धारण भएका कर तथा राजश्व र जरिवाना गाउँपालिकाको कुनै पनि निर्णयबाट छुट वा मिनाहा दिन पाइने छैन ।

तर, कुनै करदाताको सम्पत्ति भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण क्षति भएमा प्राप्त निवेदनका आधारमा जाँचबुझ गरी प्रमाणित भएमा क्षति बराबरको सम्पत्तिमा लाग्ने कर गाउँ कार्यपालिकाले मापदण्ड बनाई मिनाहा दिन सक्नेछ । यसरी मिनाहा दिएको विवरण सात दिनभित्र सार्वजनिक गर्नु पर्नेछ ।

७४. **छुट वा मिनाहा**ः (१) यो ऐन बमोजिम निर्धारण भएका कर तथा राजश्व र जरिवाना गाउँपालिकाको कुनै पनि निर्णयबाट छुट वा मिनाहा दिन पाइने छैन ।

तर गाउँपालिकाले खास अवस्थामा वा यस ऐन बमोजिम लाग्ने वा लागेको गैर कर राजश्वमा आधार र कारण खुलाई आशिंक वा पूर्ण रूपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ, यसरी छुट दिदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ।

(२) प्राकृतिक प्रकोपको वा यस्तै अन्य कुनै कारणले कुनै क्षेत्रका करदाताले भूमि कर तिर्न बुझाउन नसक्ने अवस्था सिर्जना भएमा कार्यपालिकाले त्यसको आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी उक्त एक वर्षको लागि भूमिकर (मालपोत) छुट वा मिनाहा दिन सक्नेछ ।

तर त्यस्तो जग्गा तीन वर्ष वा सो भन्दा बढी अवधि सम्म उपयोग गर्न नसकिने गरी नोक्सानी भएकोमा त्यस्तो जग्गामा निश्चित अवधि सम्मको लागि भूमिकर छुट वा मिनाहा दिन यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(३) उपदफा (२) बमोजिम छुट दिने गरी भएको निर्णय स्थानीय राजपत्रमा सूचना प्रकाशन भएपछी मात्र कार्यान्वयनमा आउनेछ ।

(४) उपदफा (२) बमोजिम छुट दिने गरी भएको निर्णय त्यस्तो निर्णय भएपश्चात तत्काल पछी बस्ने गाउँ सभामा पेश गरी सभाको पहिलो बैठकबाट पारित गर्नु पर्नेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(५) उपदफा (२) बमोजिम छुट दिने गरी निर्णय भएकोमा सो को सूचना त्यस्तो निर्णय भएको मितिले पन्ध्र दिन भित्र राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

७५. **कर फिर्ता सम्बन्धी व्यवस्था** : (१) करदाताले यस ऐन बमोजिम अग्रिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा यथार्थ जाँच गर्दा मनासिब देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र त्यस्तो रकम फिर्ता दिने निर्णय गरी कर रकम फर्ता गर्नु पर्नेछ ।

७६. **कर समायोजन सम्बन्धी व्यवस्था** : (१) करदाताले दफा ७७ बमोजिम फिर्ता हुने रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको व्यहोरा जाँच गर्दा मनासिब देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न अदेश दिनु पर्नेछ ।

## परिच्छेद — १०

## अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

७७. **सम्पत्ति कर सम्पत्तिको अभिलेख सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले वडागत रूपमा करदाताको लगत खडा गरी प्रत्येक सम्पत्ति धनीको सम्पत्तिको छुट्टाछुट्टै विवरण खुल्ने गरी तोकिए बमोजिमको ढाँचामा सम्पत्तिको अभिलेख राख्नु पर्नेछ ।

(२) सम्पत्ति विवरण अभिलेखलाई पुष्टि गर्ने कागजातहरू सङ्कलन गरी व्यवस्थित रुपले फाईलिङ गरी अद्यावधिक राख्नु पर्दछ ।

(३) करदाताले यस ऐन बमोजिम पेश गरेको विवरणका आधारमा सम्पत्तिको लगत किताब कम्तीमा तीन वर्षका लागि हुने गरी तयार गरी अद्यावधिक राख्नु पर्नेछ ।

(४) उपदफा (३) अनुसार सम्पत्ति विवरण अद्यावधिक गर्दा कसैको कुनै सम्पत्ति वा संरचना घटेको वा बढेकोमा सोही बमोजिम अद्यावधिक गर्नु पर्नेछ ।

(५) करदाताले पेश गरेका विवरणहरू गाउँपालिकाले स्थलगत निरीक्षण वा सम्बन्धित निकायबाट सूचना प्राप्त गरी अद्यावधिक गर्न सक्नेछ ।

(६) सम्पत्तिको अभिलेख व्यवस्थापन गर्न गाउँपालिकाले कम्प्युटरीकृत प्रविधि प्रयोग गर्न सक्नेछ ।

(७) सम्पत्ति करको लागि सम्पत्तिको अभिलेख सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७८. **<u>उद्योग, व्यापार, व्यवसाय, सेवा लगायतको अभिलेखीकरण</u>**ः

(१) गाउँपालिकाले वडागत रूपमा करदाता उद्योग, व्यापार, व्यवसाय, सेवा लगायतको लगत खडा गरी प्रत्येकको छुट्टाछुट्टै विवरण खुल्ने गरी तोकिए बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

(२) उद्योग, व्यापार, व्यवसाय, सेवा लगायतका विवरण अभिलेखलाई पुष्टि गर्ने कागजातहरू सङ्कलन गरी व्यवस्थित रुपले फाईलिङ गरी अद्यावधिक राख्नु पर्दछ ।

(३) करदाताले पेश गरेको विवरणका आधारमा उद्योग, व्यापार, व्यवसाय, सेवा लगायतको लगत किताब कम्तीमा ५ वर्षका लागि हुने गरी तयार गरी अद्यावधिक गर्नु पर्नेछ ।

(४) उपदफा (३) अनुसार विवरण अद्यावधिक गर्दा उद्योग, व्यापार, व्यवसाय, सेवाको बिक्रि वितरण तथा हक हस्तान्तरण भएको भए सोही बमोजिम दिनेको खाताबाट घटाई लिनेको खातामा कायम हुने गरी अद्यावधिक गर्नु पर्नेछ ।

(५) करदाताले पेश गरेका विवरणहरू गाउँपालिकाले स्थलगत निरीक्षण वा सम्बन्धित निकायबाट सूचना प्राप्त गरी अद्यावधिक गर्न सक्नेछ ।

(६) उद्योग, व्यापार, व्यवसाय, सेवा लगायतका क्षेत्रको व्यवस्थापन गर्न गाउँपालिकाले कम्प्युटरीकृत प्रविधि प्रयोग गर्न सक्नेछ ।

(७) उद्योग, व्यापार, व्यवसाय, सेवा लगायतको अभिलेखीकरण समबन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद — ११

## समिति र कर प्रशासन सम्बन्धी व्यवस्था

७९. **राजश्व परामर्श समिति** : (१) गाउँपालिका क्षेत्र भित्र लगाईने सम्पत्ति कर लगायतका अन्य कर तथा गैर कर राजश्वको विषयमा अध्ययन अनुसन्धान गरी कार्यपालिकालाई राय, परामर्श तथा सुझाव दिन, सम्पत्तिको मूल्यांकन आधार तयार गरी सिफारिस गर्न तथा सम्पत्ति मूल्यांकन सम्बन्धी समस्या समाधान गर्नका लागि देहाय अनुसारको एक राजश्व परामर्श समिति गठन हुनेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) कार्यपालिका सदस्यहरूमध्येबाट कार्यपालिकाले तोकेको

कम्तिमा एक जना महिला सहित दुई जना

-सदस्य

(घ) गाउँ उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि

-सदस्य

(ङ) घरेलु तथा साना उद्योग सम्बन्धी संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि

-

सदस्य

(च) राजश्व शाखा, विभाग, शाखा प्रमुख

-सदस्य सचिव

(२) राजश्व परामर्श समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कर तथा राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, परिमार्जन, सोको परिपालना, कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर, दर निर्धारणका आधार तयार गरी कार्यपालिकालाई परामर्श दिने,

(ख) प्रचलित कानूनको अधिनमा रहि गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले लगाउन तथा उठाउन पाउने कर तथा राजश्वका क्षेत्र तथा श्रोतहरूको पहिचान गरी विषयगत रुपमा अद्यावधिक गर्ने,

(ग) राजश्वका दर र क्षेत्रका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

(घ) वार्षिक रुपमा गाउँपालिकाले लगाउने कर तथा राजश्वको प्रस्तावित दायरा तथा दर निर्धारण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान सहित गाउँ कार्यपालिकामा पेश गर्ने,

(ङ) सम्पत्ति कर मूल्याङ्कन उप-समितिले पेश गरेको सम्पत्ति मूल्याङ्कन सम्बन्धी विवरणलाई सुझाव सहित कार्यपालिकामा पेश गर्ने,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(च) राजश्व प्रशासन सुधार लगायत गाउँ कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

(३) सम्पत्ति कर लगाउन र उठाउन सम्पत्ति घर र जग्गा समेतको मूल्याङ्कन गर्ने प्रयोजनाको लागि देहाय अनुसारको सम्पत्ति मूल्याङ्कन उपसमिति रहनेछ; -

(क) वडा अध्यक्षहरूमध्ये कार्यपालिकाले तोकेको वडाको अध्यक्ष - संयोजक

(ख) भूमि प्रशासन शाखाको प्रमुख वा भूमि सम्बन्धी कार्य हेर्ने गरी तोकिएको कर्मचारी - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य

(घ) योजना शाखा प्रमुख वा कार्यपालिकाले तोकेको प्राविधिक अधिकृत -सदस्य

(ङ) राजश्व शाखा, विभाग, शाखा प्रमुख -सदस्य सचिव

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(४) उपदफा (३) बमोजिमको घर जग्गा मूल्याङ्कन समितिले गाउँपालिकाको कुनै पनि पदाधिकारी वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) घर जग्गा मूल्याङ्कन समितिले प्रत्येक पाँच वर्षमा घर जग्गा मूल्यांकनका आधार र दररेटको सुधार सिफारिस गर्न सक्नेछ ।

(६) घर जग्गा मूल्याङ्कन समितिको बैठकको कार्यविधि समिति आफैं निर्धारण गरे बमोजिम हुनेछ ।

(७) सम्पत्ति मूल्याङ्कन उपसमितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ;-

(क) गाउँपालिका क्षेत्रभित्रका जग्गाको क्षेत्र विभाजन गरी तोकिए बमोजिमको ढाँचामा न्यूनतम् मूल्यांकन दर सिफारिस गर्ने,

(ख) घर र जग्गाको मूल्यांकन सिफारिस गर्दा सडकले छोएको जग्गाको अधिकतम् लम्बाईको सीमा समेत खुलाई सिफारिस गर्ने,

(ग) संरचनाका हकमा सोको बनोट, रहेको स्थान, प्रयोग र लाभलाई समेत विचार गरी तोकिए बमोजिमको ढाँचामा मूल्याङ्कन दर सिफारिस गर्ने,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(घ) जग्गा तथा संरचनाको मूल्याङ्कन दर सिफारिस गर्ने प्रयोजनका लागि स्थलगत अध्ययन, छलफल तथा परामर्श गोष्ठिको आयोजना गर्ने,

(ङ) खण्ड (घ) बमोजिमको छलफल एवम् परामर्शका लागि आवश्यकता अनुसार स्थानीय संघसंस्था तथा टोल विकास संस्थाका प्रतिनिधिलाई समेत आमन्त्रण गर्ने,

(च) सभाले स्वीकृत गरेको मूल्याङ्कन उपर कुनै करदातालाई चित्त नबुझी निवेदन दिएमा सोको जाँचबुझ गरी निर्णयका लागि गाउँपालिका समक्ष पेश गर्ने,

(छ) घर र जग्गाको मूल्याङ्कन सम्बन्धमा प्राप्त गुनासा तथा उजुरीहरूमा रायसहित निर्णयका लागि राजश्व परामर्श समिति मार्फत गाउँपालिका समक्ष सिफारिस सहित पेश गर्ने,

(ज) सम्पत्ति कर व्यवस्थापनका लागि गाउँपालिकाले तोकिदिए बमोजिमका अन्य कार्यहरू गर्ने,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(झ) मूल्याङ्कन समितिले सम्पत्ति मूल्याङ्कन गर्दा प्रचलित बजार मूल्य र रजिस्ट्रेशनका लागि तोकिएको मूल्य दुवैलाई आधार बनाउने,

(ञ) करदाताले पेश गरेको जग्गाको मूल्यांकन अस्वभाविक रुपमा बढी वा घटी पाइएमा छानबिन गरी मूल्यांकन गर्ने,

(ट) जग्गाको मुल्याङ्कन सम्बन्धमा गाउँपालिका र राजश्व परामर्श समितिले तोकीदिएको अन्य कार्य गर्ने ।

(५) मूल्यांकन समितिले रायसुझाव तथा सरसल्लाहका लागि आवश्यक ठानेका वडा अध्यक्ष तथा अन्य सरोकारवाला व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८०. **<u>समिति तथा उपसमितिका सदस्यहरूको पदावधि समाप्ति सम्बन्धी ब्यवस्था</u>** : (१) दफा ७९ को उपदफा (१) र (३) बमोजिम गठन भएका समिति तथा उपसमितिका सदस्यहरूको पदावधि देहायको अवस्थामा समाप्त हुनेछ;-

क. गाउँपालिकाको पदावधि समाप्त भएमा वा गाउँ कार्यपालिकाको सदस्य नरहेमा,

ख. गाउँपालिका बाट अवकास लिएमा वा पाएमा,

ग. गाउँपालिकाको पदाधिकारी बाट दिएको राजिनामा स्वीकृत भएमा,

घ. समिति बाट राजिनामा दिएमा,

ङ. कुनै प्रकारको फौजदारी तथा भ्रष्टाचार सम्बन्धी अभियोग प्रमाणित भएमा,

च. गाउँ कार्यपालिकाले हटाएमा तथा समिति विघटन भएमा,

(२) दफा ७९ को उपदफा (१) र (३) बमोजिम गठन हुने समिति तथा उपसमितिका सदस्यहरूको मनोनयन तथा हेरफेर देहाय बमोजिम हुने गरी गर्न सकिनेछ;

**(क)** यस ऐनमा उल्लेख भए बमोजिम कार्यपालिकाले मनोनित गर्ने भनि तोकएका समितिका सदस्यहरू मध्य आवश्यकता र कार्यकुशलताको आधारमा समितिका संयोजकको सिफारिसमा कार्यपालिकाले निर्णय गरी समय समयमा हेरफेर गर्न सक्नेछ,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ख) उपदफा (१) बमोजिम पद रिक्त हुन गएमा त्यस्तो पद जुन तरिकाले पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ ।

८१. **समिति तथा उपसमितिको बैठक तथा सेवा सुविधा सम्बन्धी व्यवस्था** : (१) समिति तथा उपसमितिको बैठक सम्बन्धी कार्यविधि सम्बन्धित समितिले तोके बमोजिम हुनेछ ।

(२) समिति तथा उपसमितिका सदस्यहरू तथा आमन्त्रित सदस्यले कार्यपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता पाउने छन् ।

(३) बैठकमा आवश्यकता अनुसार विशेषज्ञ, विषय विज्ञ वा सरोकारवालालाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ ।

(४) विषय विज्ञको सेवा आवश्यक भई सेवा करारमा लिनु पर्ने भएमा करार अवधिभर का लागि वा बैठकमा उपस्थित भए बापत निजले पाउने सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(५) समिति तथा उपसमितिको बैठक तथा सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

८२. **कर प्रशासन**: (१) यस ऐन र प्रचलित कानूनको अधिनमा रही स्थानीय कर संकलन व्यवस्थापन सम्बन्धमा आफ्नो

अधिकारक्षेत्र भित्रको कर तथा गैर कर राजश्व प्रशासनको व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर प्रशासनलाई व्यवस्थित, दुरुस्त र प्रभावकारी बनाउन कार्यालयमा आवश्यकता अनुसार राजश्व शाखा, विभाग वा शाखा रहन सक्नेछन् ।

८३. **<u>कर्मचारी सम्बन्धी व्यवस्था</u>** : (१) गाउँपालिकाबाट स्वीकृत दरबन्दी अनुसारका विभिन्न तहका कर्मचारी राजश्व शाखा, विभाग वा शाखामा राजस्व संकलन केन्द्र रहन सक्नेछन् ।

(२) राजश्व शाखा, विभाग वा शाखामा प्रचलित कानून बमोजिम स्वीकृत दरबन्दीका आधारमा एक वा सो भन्दा बढी कर अधिकृतहरू, कर सहायक तथा सहयोगीहरूलाई काममा लगाउन सकिनेछ ।

८४. **<u>कर अधिकृतको काम, कर्तव्य र अधिकार</u>**ः यस ऐनमा कर अधिकृतले गर्ने भनि उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) कर परीक्षण तथा अनुसन्धान र निर्धारण गर्ने,

(घ) कर संकलन गर्ने,

(ङ) कर तथा कर राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त आवश्यक कार्य गर्ने,

(छ) कर सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर कानून र प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा गाउँपालिकालाई सुझाव दिने,

(झ) राजश्वको प्रक्षेपणका लागि आवश्यक सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खातापाता र हरहिसाब दुरुस्त राख्न लगाउने,

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

(ठ) कर सम्बन्धी तोकिए बमोजिमका अन्य काम गर्ने ।

८५. **<u>अधिकार प्रत्यायोजन</u>**ः (१) यस ऐन र प्रचलित कानून बमोजिम प्रमुख प्रशासकीय अधिकृतले आफूमा रहेको कर तथा राजश्व उठाउने केही वा आंशिक अधिकार आफ्नो

सामान्य रेखदेख र नियमनमा रहने गरी कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही वा आंशिक अधिकार आफ्नो सामान्य रेखदेख र नियमनमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) अधिकार प्रत्यायोजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८६. <u>**प्रत्यायोजित अधिकार र जिम्मेवारी**</u>: (१) दफा ८५ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्राप्त गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८५ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद -१२

## <u>कसुर, दण्ड र सजाय तथा जरिवाना, शुल्क र व्याज सम्बन्धी व्यवस्था</u>

८७. <u>**विवरण दाखिला नगरेमा वा झुट्टा विवरण बुझेमा जरिवाना हुने**</u> : (१) गाउँपालिकाले सम्बन्धित सरोकारवाला वा करदातालाई आफ्नो सम्पत्ति, उद्योग, व्यापार, व्यवसाय वा सेवाको विवरण दाखिला गर्न तोकेको म्यादभित्र दाखिला

नगरेमा आर्थिक ऐनमा तोकिए बमोजिम थप शुल्क लिई निजको सम्पत्ति, उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विवरण बुझि लिन सक्नेछ ।

(२) कुनै करदाताले गाउँपालिकामा झुट्टा विवरण दाखिला गरी कर छलेको पाईएमा प्रमुख प्रशासकीय अधिकृतको आदेशमा पचास रूपैयाँ देखी एक हजार रूपैयाँ सम्म जरिवाना हुनेछ ।

(३) करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्ति, उद्योग, व्यापार, व्यवसाय तथा सेवाको पुनः मूल्यांकन गरी जरिवाना सहितको कर रकम असुल उपर गरिनेछ ।

(४) उपदफा (३) बमोजिम गरिने जरिवानाको रकम आर्थिक ऐन तथा प्रचलित नियमानुसार लाग्ने कर रकमको प्रति वर्षका दरले आर्थिक ऐनमा तोकिएको प्रतिशतले हुन आउने रकम बराबर हुनेछ ।

(५) उपदफा (४) बमोजिम जरिवाना गर्दा उपदफा (२) बमोजिम निर्धारण बाहेकको रकम समेत थप गरी जरिवाना गरिनेछ ।

(६) सम्पत्ति करको हकमा सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको सम्बन्धी विवरण सही नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा त्यस्तो कार्यलाई झुट्टा विवरण दाखिला गरेको मानी उपदफा (३)  बमोजिम पुनः कर निर्धारण गरी उपदफा (२) , (३) र (४) बमोजिम जरिवाना समेत असुलउपर गरिनेछ ।

(७) कुनै सम्पत्ति धनीले तथा कुनै पनि उद्योग, व्यापार, व्यवसाय वा सेवा संग सम्बन्धित संघ, सस्था तथा प्रतिष्ठानले झुट्टा विवरण दाखिला गरेको भनी गाउँपालिकामा उजुरी प्राप्त भएमा सो उजुरी उपर ३५ दिनभित्र राजश्व परामर्श समितिले जाँचबुझ गरी गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको उजुरी सही ठहरिएमा झुट्टा विवरण पेश गर्ने सम्बन्धित व्यक्ति, संगठन वा संस्थालाई गाउँपालिकाले जरिवाना गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम गरिएको जरिवाना रकमको निश्चित प्रतिशत गाउँकार्यपालिकाको निर्णय बमोजिम सम्बन्धित उजुरी कर्तालाई पुरस्कार स्वरुप दिई सोको अभिलेख गोप्य राखिनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

८८. **जरिवाना लाग्ने** : (१) गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर तथा गैर कर राजश्व तोकिएको अवधि भित्र नतिरी बक्यौता राखेमा आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना लाग्नेछ ।

(२) पाँच वर्षसम्म सम्पत्ति कर लगायत कर तथा राजाश्व भुक्तानी नगर्ने करदाताका नाममा रहेको घरजग्गा रजिस्ट्रेसन तथा उद्योग, व्यापार, व्यवसाय र सेवाको नवीकरण रोक्का राख्न सकिनेछ ।

(३) घरजग्गा रोक्का राखेको तथा उद्योग, व्यापार, व्यवसाय र सेवाको नवीकरण रोक्का राखेको १० (दश) वर्षसम्म पनि करदाताले कर चुक्ता नगरेमा सम्बन्धित करदाताको सम्पत्ति प्रचलित कानून बमोजिम लिलामबिक्री गरी कर तथा जरिवाना असुलउपर गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम लिलाम बिक्रिबाट प्राप्त रकम नीजले गाउँपालिकामा बुझाउनु पर्ने कर तथा राजश्व बापतको रकम असुली गरी बचेको रकमको यथार्थ अभिलेख राखि सम्बन्धित करदाता वा सरोकारवालालाई फिर्ता भुक्तानी गरिनेछ ।

(५) उपदफा (३) बमोजिम लिलाम बिक्रि बाट समेत असुल हुन नसकेमा उक्त रकम सरकारी बाँकी सरह

राखि सम्बन्धित व्यक्ति वा एकाघरका परिवारको जाय जेथा बाट असुल उपर गरिनेछ ।

(६) सम्पत्ति कर लगायतका अन्य सबै प्रकारका कर तथा गैर कर राजश्व बक्यौता राख्ने करदातालाई गाउँपालिकाले उपलब्ध गराउँदै आएको आकस्मिक बाहेकका अन्य सेवा र सुविधा रोक्का राख्न सक्नेछ ।

८९. **<u>विभागीय कारबाही र सजाय हुने</u>**: (१) कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले हानि नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थाका करदाताबीच असमान व्यवहार गर्ने, कुनै करादातालाई अनचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरू कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

कारबाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारबाही गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विभागीय कारबाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि प्रमुख प्रशासकीय अधिकृतले आफ्नो राय सहित अधिकारप्राप्त अधिकारी समक्ष लेखि पठाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अुनचित कार्य गरेको खुल्न आएमा अधिकार प्राप्त आधिकारीले आवश्यक कारबाही गर्न सक्नेछ ।

(५) उपदफा (२), (३) र (४) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(६) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधि भर छानबिनको दायरामा परेको अधिकृत वा कर्मचारीलाई निजको जिम्मेवारीबाट अलग राखिनेछ ।

(७) उपदफा (२) बमोजिम छानबिन गर्ने र उपदफा (६) बमोजिम जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन ।

९०. <u>जमिनको उपयोग नभएमा थप शुल्क लिन सक्ने</u> : (१) कृषियोग्य जमिनहरूलाई कृषि, पशुपालन वा अन्य कुनै

प्रकारको व्यापार तथा व्यवसायमा प्रयोगमा नल्याई बाँझो राखेमा त्यस्ता करदातालाई गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था गरी सोही बमोजिम थप शुल्क लिन सक्नेछ ।

९१. **कानून विपरीत मिनाहा दिएकोमा असुल उपर गरिने** : यस ऐन विपरीत गाउँपालिकाको कुनै समिति, पदाधिकारी वा कर्मचारीले यस ऐन बमोजिम लाग्ने कर मिनाहा दिएको खण्डमा मिनाहा दिएको रकम मिनाहा दिने पदाधिकारीबाट असुल उपर गरिनेछ ।

९२. **व्याज लाग्ने** : (१) यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु पर्ने कर रकमको वार्षिक दस प्रतिशत व्याज समेत लाग्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज र जरिवानामा व्याज लाग्ने छैन ।

९३. **प्रशासकीय पुनरावलोकन हुन सक्ने** : यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ ।

(क) यस ऐन बमोजिम भए गरेको जरिवाना सम्बन्धी निर्णय,

(ख) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ग) यस ऐन बमोजिम लगाएको कर तथा गैर कर राजश्व तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय ।

९४. **प्रशासकीय पुनरावलोकनको प्रक्रिया** : (१) यस ऐन बमोजिमको कर निर्णयको उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि निवेदन परेमा निवेदन परेको मितिले बढीमा ६० कार्यदिन भित्र उक्त विषयको कारबाही किनारा गरी सक्नु पर्नेछ ।

९५. **उजुरी नलाग्ने** : यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई अदालतमा कुनै उजुरी दिन पाइनेछैन ।

९६. **पुनरावेदन** : (१) प्रशासकीय पुनरावलोकनको निर्णय चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(२) दफा ९३ को उपदफा (१) बमोजिम पुनरावलोकनको निवेदन परेकोमा दफा ९३ को उपदफा (२) बमोजिमको अवधिभित्र कारबाही किनारा नभएमा उक्त अवधि व्यतित भएको पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम पुनरावेदन गर्दा गाउँपालिकाबाट निर्धारण भए बमोजिमको कर तथा सो को जरिवाना र शुल्क समेतको रकम भुक्तानी नगरी वा त्यस्तो रकम गाउँपालिको धरौटी खातामा धरौटी नराखी पुनरावेदन गर्न पाइने छैन ।

(३) यस ऐन बमोजिम पुनरावेदन परेकोमा जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद — १३

## विविध

९७. **सम्मान गर्न सक्ने** : गाउँपालिकाले हरेक वर्ष सभाबाट सबैभन्दा बढी कर तिर्ने, समयमा नै कर बुझाउने, करदातालाई कर तिर्न प्रोत्साहन गर्ने र सम्पत्ति कर लगायत कर तथा गैर कर राजश्व असुलीमा सहयोग पुर्याउने

करदातामध्येबाट उत्कृष्ट करदाता छनौट गरी सम्मान गर्न सक्नेछ ।

९८. **पुरस्कृत गर्न सक्नेः** (१) गाउँपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

९९. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने** : यस ऐनमा अन्यत्र जुनसकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवम् कर वा त्यस्तो रकम बुझाउने रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारबाही गर्न सकिने गरी व्यवस्था गर्न सक्नेछ ।

१००. **सूचना तामेलीले रितपूर्वक भएको मानिने** : (१) यस ऐन बमोजिम दिनु पर्ने सूचना तथा कागजात देहाय बमोजिम

बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिईएको मानिनेछ;-

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायीलाई बुझाएको,

(घ) नाबालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय, संस्था वा निकायको हकमा प्रबन्ध वा प्रशासनिक प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट दर्ता भई पठाएको ।

(२) राजश्व शाखाका अधिकृत वा अन्य कर्मचारीको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनस्क्रिप्ट वा इन्कोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखि यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रितपूर्वकको मानिनेछ ।

१०१. **<u>कागजातको अभिलेख राख्ने</u>** : (१) यस ऐन बमोजिम कर बुझाउनु गर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरू सुरक्षित गरी राख्नु पर्नेछ :

(क) यस ऐन बमोजिम गाउँपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुर्याउने कागजातहरू,

(ग) कर चुक्ता गरेको रसिद, निस्सा वा प्रमाण,

(घ) तोकिए बमोजिमका अन्य कागजातहरू ।

(२) गाउँपालिकाले लिखित रूपमा सूचना जारी गरी अन्यथा तोकिएको बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित वर्ष समाप्त भएको मितिले कम्तिमा चार वर्षको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।

१०२. **<u>अदालतलाई भए सरहको अधिकार हुने</u>**ः यस ऐनको प्रयोजनको लागि गाउँपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

१०३. **<u>म्याद, हदम्याद नजाने</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ;-

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदनको तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

१०४. **परामर्शदाता नियुक्त गर्नसक्ने** : सम्पत्ति कर लगायत अन्य कर तथा गैर कर राजश्वको मूल्यांकन गरी बिजक तयार गर्ने काम मौजुदा कर्मचारीबाट निर्धारित समयमा सम्पन्न गर्न नसकिने भएमा गाउँपालिकाले समय, लागत र कार्य क्षेत्र तोकी छोटो अवधिका लागि परामर्शदाता नियुक्त गरी कार्य गर्न सक्नेछ ।

१०५. **कर्मचारीलाई अतिरिक्त समय कार्य गराए बापत सुविधा दिन सक्ने** : (१) सम्पत्ति कर लगायत सबै प्रकारका कर तथा गैर कर राजश्वको मूल्यांकन गरी बिजक तयार गर्ने काम निर्धारित समयमा कार्यालय समयभित्र सम्पन्न गर्न मौजुदा कर्मचारीलाई अतिरिक्त समय कार्य गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम काम गरेबापत कर्मचारीहरुलाई प्रति कार्य दिन वा प्रति घन्टाको निमित्त गाउँपालिकाले तोकेको दरले थप सुविधा दिन वा तलबमा थप अतिरिक्त भत्ता दिन सकिनेछ ।

१०६. **खाता तथा फाराम** : सम्पत्ति कर लगायत अन्य कर तथा गैर कर राजश्वको प्रयोजनका लागि गाउँपालिकाले आवश्यक खाता तथा फारामको विकास गरी लागू गर्न सक्नेछ ।

१०७. **सम्पत्ति मूल्यांकन सिफारिश तथा घरबाटो प्रमाणितको आधार** : सम्पत्ति करका लागि करदाताले गाउँपालिका समक्ष दाखिला गरेको सम्पत्ति विवरणका आधारमा गाउँपालिकाले सम्पत्तिको मूल्यांकन सिफारिस तथा घरबाटो प्रमाणित गर्न सक्नेछ ।

१०८. **सहयोग लिन सक्नेः** गाउँपालिकाले जग्गा तथा संरचनाको लगत अद्यावधिक गर्ने प्रयोजनका लागि जग्गाको नापी गराउने, जग्गा खरिद बिक्रिको सूचना प्राप्त गर्ने, जग्गाको मूल्यांकन दर कायम गर्ने जस्ता कार्यमा जिल्ला स्थित कार्यालयहरूको सहयोग प्राप्त गर्न सक्नेछ ।

१०९. **विवरण सार्वजनिक गर्नुपर्ने** : गाउँपालिकाले मासिक रूपमा असुल भएको कर तथा राजश्व र वार्षिक रूपमा उठेको कर तथा राजश्व र सो सम्बन्धमा भएका क्रियाकलापको समीक्षा सहितको मासिक तथा वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

११०. **अभिमुखीकरण कार्यक्रम** : सम्पत्ति कर लगायतका अन्य सबै खाले कर तथा गैर कर राजश्व लागू गर्नुपूर्व गाउँपालिकाबाट पदाधिकारी, कर्मचारी तथा सरोकारवालालाई जानकारी



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

गराउन तथा राय सुझाव संकलन गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न र यस्तो कर लागू गरेका गाउँपालिकाको अध्ययन भ्रमण गर्न सकिनेछ ।

१११. **<u>अधिकार प्रत्यायोजन</u>** : (१) यस ऐन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार मातहतका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन गरेकोमा सो को जानकारी गाउँ कार्यपालिका र सम्बन्धित विभाग, शाखा, उपशाखा, इकाई तथा वडासमितिको कार्यालयलाई दिनु पर्नेछ ।

११२. **<u>काम कारबाही बदर नहुने</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर तथा गैर कर राजश्व संकलन र व्यवस्थापन सम्बन्धमा प्रचलित कानूनले गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने कार्य गाउँपालिकाले गरे गराएमा यस कानूनमा उल्लेख नभएकै आधारमा मात्र गाउँपालिकाबाट भए गरेका कुनै पनि काम कारबाही बदर हुने छैन ।

११३. **<u>ऋृण लिन सक्ने</u>** : गाउँपालिकाले गाउँ सभाबाट स्वीकृत नीति अनुसार आफ्नो हक भोगको सम्पत्ति धितो राखी वा नराखी वा नेपाल सरकारको जमानीमा बैंक वा अन्य कुनै संघ संस्थाबाट ऋृण सापटी लिन सक्नेछ ।

११४. **नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय** : (१) गाउँपालिकाले संघीय कानून, प्रदेश कानून वा यस बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैर कर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन गाउँपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकार, प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालिकाले संविधानको अनुसूचीमा उल्लिखित तथा गैर कर राजश्वका आधार, दर वा कर प्रशासन सञ्चालन र व्यवस्थापनका लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गर्न सक्ने छ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुङ्गोमा पुगिएका विषयहरू यस ऐनमा परे सरह मानिनेछ र ती सबै व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

११५. **केन्द्रीय बैंकसँग समन्वय**: गाउँपालिकाले कर तथा गैर कर राजश्व बैंकिङ्ग प्रणालीबाट संकलन गर्ने सम्बन्धमा केन्द्रीय

बैंक (नेपाल राष्ट्र बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

११६. **<u>अन्य निकाय, कार्यालय र संस्थानसँग समन्वय</u>**: कार्यालय वा कार्यालयले तोकेको कुनै अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थानसँग समन्वय गर्न सक्नेछ ।

११७. **<u>कार्यपालिकाले अधिकार प्रयोग गर्ने</u>** : यस ऐनमा सभाले गर्ने भनि स्पष्ट व्यवस्था भएकोमा बाहेक गाउँपालिकाबाट सम्पादन हुने काम कारबाही कार्यपालिकाले गर्नेछ ।

११८. **<u>नियम बनाउन सक्ने</u>** : यो ऐनको कार्यान्वयनका लागी कार्यपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ ।

११९. **<u>कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने</u>** : यो ऐनको कार्यान्वयनका लागी कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

१२०. **<u>बचाऊ</u>** : राजश्व सम्बन्धी यस कानून जारी हुनुभन्दा अगाडि भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

**आज्ञाले**

प्रविण राई

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र